जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ •अंक २५७ • २०८२ साल फाल्गुन २ गते शनिबार (14 February, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने ६ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको वीरगञ्जमा सशस्त्र प्रहरी टोलीमाथि आक्रमण गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ।

वीरगञ्ज महानगरपालिका-१० स्थित घडिअर्वाका ४६ वर्षीय प्रमोदकुमार कानू, वीरगञ्ज-१ स्थित छप्कैयाका ३८ वर्षीय दीपराज सहनी मलाह, वीरगञ्ज-१० का २० वर्षीय कुञ्जन सर्राफ, भारतको बिहारस्थित रक्सौलका ४० वर्षीय प्रभु महतो, भारतकै भागलपुर पोडियाका ३५ वर्षीय पृतमकुमार चौधरी र पर्साको विन्दवासिनी गाउँपालिका-५ का ५५ वर्षीय श्रीचन्द्रप्रसाद साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

आरोपितहरुलाई पक्राउ गरेर ज्यान मार्ने उद्योग तथा आपराधिक उपद्रव सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक (डीएसपी) हरिबहादुर बस्नेतले बताए। उनीहरूलाई सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालतबाट अनुमति लिइएको डीएसपी बस्नेतले बताए।

गत माघ २६ गते वीरगञ्ज-१० आदर्शनगरस्थित रुञ्चे मदन भनिने मदन गुप्ताको गोदाममा सशस्त्र प्रहरी र वीरगञ्ज भन्सार कार्यालयको संयुक्त टोलीले छापा हान्दा उनीहरूले ढुंगामुडा गरेका थिए।

### जसपा नेपालको घोषणापत्र सार्वजनिक

# उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठनमा जोड

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी( जसपा) नेपालले फागुन २१ को चुनावी घोषणापत्र सार्वजनिक गरेको छ।

काठमाण्डुमा शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी जसपा नेपालले आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको घोषणापत्रमा मुलुकको निकासका लागि संविधान पुनरावलोकन आयोग गठन गरी संविधान संशोधन गर्नुपर्नेमा जोड दिएको छ।

अहिलेको संविधानले निकास नदिने भन्दै उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गर्नुपर्ने जसपा नेपालले जनाएको छ।




जसपा नेपालको घोषणापत्रमा उल्लेख गरिएको छ, ' संविधान जारी गर्दाको बखत सिंगो देश दुई कित्तामा विभाजित भयो। यस संविधानमा प्रमुख दलहरूले पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गर्ने आफैँले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका राज्य पुनर्संरचना लगायत महत्वपूर्ण प्रावधानहरूलाई उल्ट्याइएको छ । उनीहरूले संविधानसभाको निर्वाचनमा जनताका बीच मत माग्दा पहिचान र सामर्थ्यका आधारमा राज्यको पुनर्संरचना गर्ने प्रतिबद्धतासहित घोषणा-पत्र जारी गरेका थिए। तर, तीनवटै प्रमुख दलहरू मिलेर आफ्नै घोषणा-पत्रको विपरीत हुने गरी संविधान जारी गरे। यो संविधानले मुलुकको संघीय संरचना, विविधता, सामाजिक न्याय, समावेशी तथा सामाजिक लोकतन्त्रको आधारभूत मान्यताहरूलाई आत्मसात् गर्न सकेको छैन। यसले केवल प्रशासनिक संघीयताको पक्षपोषण गरेको छायसैले मुलुकको विद्यमान शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीलाई यथावत् राखेर संघीय समाजवादी व्यवस्थाको आधारशिला खडा हुन सक्दैन । त्यसैले, शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा आधारित संघीयता र प्रादेशिक संरचनाको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायहरूलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायहरूको गठन गर्न, उत्पीडित समुदायको हक, अधिकार र पहिचानलाई सुनिश्चित गर्न, नागरिकतामा विद्यमान लैङ्गिक विभेद अन्त्य गर्न, धर्मनिरपेक्षताको व्याख्यालाई सुस्पष्ट पार्न, समावेशी लोकतन्त्रका आधारभूत पक्षहरू जस्तै- राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र, समावेशी लोकतन्त्र तथा साँस्कृतिक लोकतन्त्रलाई संस्थागत गर्ने लगायतका विषयहरूमा संविधान विज्ञहरू सम्मिलित उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावको आधारमा संविधान संशोधन/परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट धारणा जसपा, नेपालको रहेको छ।'

जसपाले शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा संघीयता र प्रादेशिक संरचना निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्न, संवैधानिक निकायलाई बलियो बनाउन, जनलोकपालजस्ता निकाय गठन गर्नुपर्ने आवश्यकता रहेको जनाएको छ।

यसका साथै जसपाले आफ्नो घोषणापत्रमा शिशु कक्षादेखि उच्च शिक्षासम्म एकरूपता, प्रविधिमैत्री, निःशुल्क, सीपमूलक र गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली विकास गर्ने जनाएको छ। यसबाहेक जसपाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अपनाउने, २०४७ सालदेखि हालसम्म भएका निर्वाचित जनप्रतिनिधिहरू, प्रधानमन्त्री, मन्त्री, उच्च पदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्ने जनाएको छ।

जसपाले वैदेशिक रोजगारीमा जाने श्रमिकको निःशुल्क (फ्रि भिसा र फ्रि टिकेट) रोजगारी प्रदान गर्ने नीति लागू गर्ने जनाएको छ । त्यसबाहेक वैज्ञानिक भूउपयोग भूमिसुधार र भू-व्यवस्थापन नीति लागू गर्ने, कृषि जमिनको चक्लाबन्दी र कृषिको आधुनिकीकरण गर्ने जनाएको छ।

जसपाले आफ्नो घोषणापत्रमा गरिबीको रेखामुनी रहेका जनसंख्यालाई आगामी ५ वर्षभित्र १० प्रतिशतमा ल्याउने जनाएको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले चुनावी घोषणापत्र सार्वजनिक गर्दै 'संघर्षसंगै समृद्धि' नार इसमेत सार्वजनिक गरे। उनले भने, 'जसपा नेपाल यो घोषणापत्रमार्फत यस्तो राज्य मोडल चाहन्छ- जहाँ राज्यको उद्देश्य नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु हो।' उनले न्यायपूर्ण सेवा, समान अवसर र पारदर्शी शासनमा जोड दिए।

वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको सुरक्षित रोजगारीको व्यवस्था गरिने, बैदेशिक रोजगारीमा गएका नागरिकहरूको सुरक्षाको प्रत्याभूति गरिने पनि जनाएको छ।

आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु राज्यको मूल दायित्व हो भन्ने जसपा, नेपालको मान्यता रहँदै आएको जनाएको छ। आन्तरिक रोजगारीको प्रत्याभूति नहुञ्जेलसम्म वैदेशिक रोजगारीमा जाने नागरिकहरूको लागि सीप विकास, प्रशिक्षण तथा रोजगारीमा जाँदा आवश्यक पर्ने लागत खर्चको उचित व्यवस्थापन रोजगारदाताबाट ग्यारेन्टी गरिनु पर्दछ।'

विदेशबाट प्राप्त रेमिट्यान्स रकम पनि औपचारिक बैंकिंग प्रणालीबाट भित्र्याउनु पर्ने भन्दै प्राप्त रेमिट्यान्स रकममध्येबाट महत्वपूर्ण अंश श्रमिकको विकास तथा संरक्षणमा खर्च गरिनु पर्ने जनाएको छ।

जसपाले भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलताको नीति अपनाउने, जनलोकपालजस्ता संयन्त्र निर्माण गर्ने तथा सरकारी निर्णय प्रक्रियालाई पारदर्शी बनाउने योजना अघि सारेको छ।

त्यस्तै दलित, महिला, मधेशी, आदिवासी जनजाति, मुस्लिम, थारूलगायत सीमान्तकृत समुदायको सम्मान, पहिचान र समान सहभागिता सुनिश्चित गरिने प्रतिबद्धता दोहोऱ्याइएको छ । सामाजिक सुरक्षा, वातावरण संरक्षण, चुरे बचाउ तथा पूर्वाधार विकासलाई पनि प्राथमिकतामा राखेको छ।

# पर्साको क्षेत्र नं. ४ मा व्यक्तिको चरित्र र भ्रष्टाचार नै चुनावी मुद्दा

**अनिल तिवारी**

वीरगञ्ज । नेपालको राजनीतिमा मधेश सधैँ निर्णायक शक्तिको रूपमा रहँदै आएको छ। मधेश प्रदेशका ८ जिल्लामध्ये पर्साको आफ्नै राजनैतिक र व्यापारिक महत्व रहिआएको छ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको मिति घर्किदै गर्दा पर्सा निर्वाचन क्षेत्र नम्बर ४ चुनावी प्रतिस्पर्धा बढ्दै गएको छ।

पर्साको ठोरीकस्थित जंगलदेखि पकाहा मैनपुरको समथर भूभागसम्म फैलिएको यो क्षेत्रमा पुराना र नयाँ भन्दा उम्मेदवारको चरित्रको समेत चर्चा चुलिएको छ। यसपालीको चुनामा जेन- जी आन्दोलनको नाममा केही नयाँ राजनीतिक दलबीच तीव्र प्रतिस्पर्धा हुने देखिएको छ।



मुख्यतः नेपाली कांग्रेसका अनुभवी नेता एवं पूर्वमन्त्री रमेश रिजाल , नेकपा (एमाले) का जालिम मियाँ मन्सुरी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का टेकबहादुर शाक्यको उदयले यसपालिको चुनाव त्रिकोणात्मक हुने बताइन्छ। यस निर्वाचन क्षेत्र अधिकांश भारतीय सीमासंग जोडिएकोले यहाँको चुनाव सधैँ रोचक देखिएको छ।

काठमाण्डुको मधेशप्रतिको उदासिनताका कारण समय-समयमा आन्दोलन तथा क्षेत्रीय शक्तिहरूको उदय हुँदै आएको छ। संविधान घोषणा पछि भएको मधेश आन्दोलन र छ महिनाको नाकाबन्दीको रापताममा पर्सा जिल्लाका अधिकांश क्षेत्रमा मधेशी दलहरु उम्मेदवार चुनाव जीते। मधेश आन्दोलनको इपिक सेन्टरको रुपमा रहेको पर्सा जिल्लामा मधेशी दलहरुको अवस्था दयनीय भएको बताइन्छ। यसपालीको चुनावमा मन्त्रीसमेत भइसकेको रिजालसंग प्रश्न उठाएका छन्, 'कृषि, सडक, सिचाइँ र खानेपानी जस्ता आधारभूत आवश्यकताहरू किन पूरा नभए ? भूमिहीन तथा सुकुम्बासीका लागि लालपूर्जा वितरण गर्ने नारा कागजमै सीमित भएको भन्ने गुनासो समेत गरिएको छ।

प्रतिनिधिसभा सदस्यका दुई प्रतिस्पर्धी उम्मेदवार रिजाल र मियाँ दुवै जना जगरनाथपुर गाउँपालिकाकाका वासी हुन् । यस क्षेत्रमा पटक-पटक सांसद हुँदै मन्त्रीसमेत बनेका रिजालसंग मियाँबीच दोस्रो पटक चुनावी भिडन्त हुने भएको छ।

तर यसपटक चुनावी मुद्दा दलगत सिद्धान्त वा विकासभन्दा पनि उम्मेदवारको चरित्र र भ्रष्टाचारमा केन्द्रित भएको देखिएको छ। कांग्रेसका तर्फबाट उम्मेदवारी दिएका रिजाल अधिकांश समय जिल्ला सदरमुकाम वीरगञ्ज वा राजधानीमा बस्ने भएकाले समयमा जनसेवा दिन नसकेको चुनावी आरोप मियाँ पक्षको छ।

मियाँ पञ्चायतकाल देखि बाहुबली चरित्रका व्यक्ति भएको रुपमा चिनिन्छन्। वन फँडानीको आरोपमा उनले पञ्चायत व्यवस्था र २०४६ सालको जनआन्दोलन पछि पनि ६ महिना जेल सजाय काटेको उल्लेख गरिन्छ। पञ्चायत व्यवस्थादेखि नै स्थानीय तहमा राम्रो पकड राख्दै आएका मियाँ माथि पर्सामा आपराधिक गतिविधि सञ्चालन गरेको आरोप लाग्दै आएको छ।

मियाँ २०४६ सालको आन्दोलन पछि शुरुमा कांग्रेसमा प्रवेश गरेका पनि रिजालकै कार्यशैलीको विरोध गर्दै नेकपा माओवादीमा प्रवेश गरेका थिए। पर्सा प्रहरीले मियाँका छोराविरुद्ध दर्ता गरेको बलात्कार मुद्दामा तत्कालीन गृह मन्त्री बादलले सहयोग नगरेको विरोधमा प्रचण्डबाट रुष्ट हुँदै गाँउमै बोलाएर एमालेका अध्यक्ष ओलीबाट माला लगाएर पार्टीमा प्रवेश गरे।

जगरनाथपुर गाउँपालिका अध्यक्ष हुँदा पाँच वर्षको अवधिमा करोडौं रुपैयाँ भ्रष्टाचार गरेको भन्दै मियाँविरुद्ध अख्तियारमा १४ वटाभन्दा बढी उजुरीमाथि छानबिन चलिरहेको बताइन्छ।

२०७९ सालको निर्वाचनमा रिजालले ५ हजार ५ सयभन्दा बढी मतान्तरले मन्सुरीलाई पराजित गर्दै विजय हासिल गरेका थिए। उक्त निर्वाचनमा रिजालले ३१,२२४ मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का मियाँ मन्सुरीले २५,६७१ मत ल्याएका थिए।

यता रास्वपाका उम्मेदवार टेकबहादुर शाक्य पूर्व प्रहरी सहायक निरीक्षक तथा ' चाइनिज व्यापारी'का रूपमा चिनिन्छन्।

२०७९ सालमा रास्वपाले यहाँ जम्मा १,९४८ समानुपातिक मत पाएको थियो। तर फेरिएको राष्ट्रिय राजनीति र नयाँ पुस्ताको विद्रोही मनोवृत्तिका कारण शाक्यको रास्वपाले यसपटक युवा मत तान्ने दाउमा छन्।

नयाँ-पुराना भनेर मात्र हुँदैन, लोकतन्त्र, गणतन्त्र र सङ्घीयताप्रति प्रतिबद्ध व्यक्ति चाहिएको मतदाताहरूको माग छ । "नयाँ हुँदैमा राम्रो वा पुरानो हुँदैमा नराम्रो भन्ने हुँदैन," हरिहरपुरका बासुदेव तिवारी भन्छन्, "उम्मेदवारको पृष्ठभूमि कस्तो छ भन्ने थाहा भइहाल्छ। जस्ता छन्, त्यही आधारमा हामीले छनोट गर्छौं।"

यसपटकको निर्वाचनमा जयप्रकाश थारुले नेपाली कम्युनिष्ट पार्टी(नेकपा) बाट उम्मेदवारी दिएका छन्। एमालेका पूर्वजिल्ला अध्यक्ष तथा संविधानसभा सदस्यका रूपमा वजनदार छवि बनाएका थारुले ऐन मौकामा एमाले परित्याग गरी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट उम्मेदवारी दिएपछि एमाले क्याम्पमा खैलाबैला मच्चिएको छ। थारुको आगमनले एमालेका असन्तुष्ट कार्यकर्ताहरूको साथ पाउने देखिए पछि जालिम मियाँ मन्सुरीको जित्ने सम्भावना कमजोर बन्दै गएको विश्लेषण गर्न थालिएको छ।

मियाँले मुस्लिम समुदायमा धार्मिक-साम्प्रदायिक कार्ड प्रयोग गरेर भोट बटुल्न खोजेको आरोप अन्य उम्मेदवारहरूले लगाएका छन् । विगतको राजनीतिक तथा सामाजिक चरित्र बुझेका जनताले उनलाई सजिलै विश्वास गरिहाल्ने अवस्था नदेखिएको आरोप उनीमाथि लाग्दै आएको छ।



### ३०औँ जनयुद्ध दिवस :

# क्रान्ति र शान्तिको सुरुआतस्थलमा मनाइयो जनयुद्ध दिवस

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले रुकुमपूर्वमा ३०औँ जनयुद्ध दिवस मनाउँदै छ । जनयुद्धको सुरुआत भएको रुकुमपूर्वमा सहिद तथा बेपत्ता परिवार, घाइते, अपाङ्ग र रुकुमेलीसँग जनयुद्ध दिवस मनाउन पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ बिहीबार साँझ रुकुमपूर्व आइपुग्नुभएको छ ।

विसं २०५२ फागुन १ गते तत्कालीन माओवादीले सुरु गरेको जनयुद्ध दश वर्षसम्म चलेको थियो । जनयुद्धका प्रमुख नेता प्रचण्ड पहिलोपटक रुकुमपूर्वमा जनयुद्ध दिवस मनाउन आउनुभएको हो । रुकुमपूर्व जनयुद्धको उपलब्धि सङ्घीयतापछि बनेको कान्छो जिल्ला हो । सङ्घीयताले जन्माएको रुकुमपूर्वबाट उहाँ प्रतिनिधिसभा सदस्य उम्मेदवार हुनुहुन्छ ।

भूमे गाउँपालिका-२ खाबाङ बगरमा शुक्रबार आयोजना हुने जनयुद्ध दिवसमा नेकपाका संयोजक प्रचण्डले सहिद परिवारलाई सम्मान गर्नुहुने कार्यक्रम रहेको नेपाली कम्युनिष्ट पार्टी रुकुमले जनाएको छ । रुकुमपूर्वमा २५२ जना सहिद छन् ।



**क्रान्ति र शान्ति सुरुआत गर्ने रुकुम**

राजतन्त्रको अन्त्य र नयाँ जनवादी व्यवस्था कायम गर्ने उद्देश्यका साथ तत्कालीन नेकपा (माओवादी)ले २०५२ फागुन १ गते जनयुद्धको सुरुआत गरेको थियो । रुकुमको आठबीसकोट प्रहरी चौकी, रोल्पाको होलरी प्रहरी चौकी, सिन्धुलीको सिन्धुलीगढी प्रहरी चौकी र गोरखाको च्याङ्लीको कृषि विकास बैंकमा आक्रमण गरी माओवादीले जनयुद्ध सुरुआत गरेको थियो ।

जनयुद्ध अगाडि बढाउन माओवादीले रुकुम (पश्चिम र पूर्वी) र रोल्पालगायत जिल्लालाई आधार इलाका बनाएको थियो । रुकुमपूर्वलाई आधार इलाका बनाउन जिल्लामा रहेका प्रहरी कार्यालयहरूमाथि चरणबद्ध आक्रमण गरेर सफलता पाएको थियो ।विसं २०५३ वैशाख २३ मा उपल्लो सेराको छेरावाङमा माओवादीले एक प्रहरीको ज्यान जाने गरी प्रहरीलाई पहिलोपटक एम्बुस धरापमा पारेको थियो । विसं २०५४ माघ १६ गते क्युवाङमा एम्बुस आक्रमण गरेर माओवादीले नेपालमै पहिलोपटक थ्रीनट राइफल कब्जा गरेको थियो ।

माओवादीले २०५६ असोज ५ महतमा रहेका प्रहरीमाथि आक्रमण गरेर कब्जा गर्नुका साथै प्रहरी नायब उपरीक्षक ठूले राईसहितका प्रहरी जवानहरूलाई नियन्त्रणमा लिएको थियो । राई जनयुद्धमा माओवादी नियन्त्रणमा परेका उच्च प्रहरी अधिकारी थिए । माओवादीले आफ्ना शीर्षनेता देव गुरुङसँग राईलाई साटफेर गरेको थियो । विसं २०५७ चैतमा रुकुमकोट चौकी आक्रमण गरी पूर्ण कब्जा गरेको थियो । त्यस आक्रमणमा ३२ प्रहरी र आठ छापामार गरी ४० जनाको ज्यान गएको थियो ।

विसं २०६१ माघमा रुकुमको लाबाङमा बसेको माओवादी पोलिटब्यूरो बैठकले डा बाबुराम भट्टराईलाई पार्टीबाट कारबाही गरेको थियो । विसं २०६२ असोजमा रुकुमको चुनवाङमा बसेको तत्कालीन नेकपा (माओवादी)को केन्द्रीय समितिको बैठकले लोकतान्त्रिक गणतन्त्रको कार्यदिशा पारित गर्दै शान्तिपूर्ण राजनीतिक यात्रा तय गरेको थियो । माओवादीको चुनवाङ बैठकको निर्णय कार्यान्वयनका क्रममा सात राजनीति दलबीच १२ बुँदे सहमति भएको थियो । सो सहमतिअनुसार जनयुद्ध र जनआन्दोलनको संयोजनबाट राजतन्त्रको अन्त्य हुनुका साथै गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र सामाजिक न्यायसहितको समानुपातिक प्रणाली स्थापना भई शान्ति स्थापना भएको थियो ।

क्रान्ति र शान्ति स्थापनाको सुरुआत भएको रुकुमपूर्वबाट नेकपाका संयोजक प्रचण्ड प्रतिनिधिसभा सदस्य उम्मेदवार हुनुहुन्छ । शुक्रबार जनयुद्ध दिवस मनाउनुअघि संयोजक प्रचण्डले छापामारले प्रहरी नायब उपरीक्षक ठूले राईलाई नियन्त्रणमा लिएको महतगाउँ र बाबुराम भट्टराईलाई कारबाही गर्नेगरी बैठक बसेको लावाङगाउँको भ्रमण गर्नुहुने छ । उहाँले ती गाउँमा जनभेटघाट गर्नुहुनेछ । प्रचण्ड शुक्रबारै चुनवाङ पुग्नुहुने कार्यक्रम छ ।रासस

# वित्त आयोगले कुन आधारमा गर्छ मूल्याङ्कन, यस्तो छ काठमाडौँका स्थानीय तहको अवस्था

काठमाण्डु । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको मूल्याङ्कनमा मोरङको विराटनगर महानगर पालिका शीर्ष स्थानमा रहेको छ । सो महानगरले चालु आर्थिक वर्षमा ७८.११ प्रतिशत अङ्क प्राप्त गरी प्रथम स्थानमा रहेको हो । त्यस्तै ललितपुर महानगरपालिका दोस्रो स्थानमा रहेको छ । विभिन्न सूचकहरूका आधारमा ललितपुर महानगरपालिकाले ७६.३३ प्रतिशत अङ्क प्राप्त गरेको छ । यस्तै, काठमाडौँ महानगरपालिकाले ४४.९७ प्रतिशत अङ्क प्राप्त गरेको छ ।




चितवनको भरतपुर महानगरपालिकाले ६८.०८ प्रतिशत अङ्क प्राप्त गरेको छ । पर्साको वीरगन्ज महानगरापालिकाले ५४ प्रतिशत अङ्क प्राप्त गरेको छ । कास्कीको पोखरा महानगरपालिकाले ५८.७६ अङ्क प्राप्त गरेको छ । यस आधारमा काठमाडौँका कुल ११ वटा स्थानीय तहमध्ये शीर्षस्थानमा नागार्जुन नगरपालिका परेको छ । आयोगको मूल्याङ्कनका आधारमा सो नगरपालिकाले ७०.६३ अङ्क प्राप्त गरेको छ ।

आयोगका अनुसार शङ्खरापुर नगरपालिकाले ५५.२० प्रतिशत, कागेश्वरी मनहरा नगरपालिकाले ६१.८२ प्रतिशत, गोकर्णेश्वर नगरपालिकाले ५६.७८ प्रतिशत, बूढानीलकण्ठ नगरपालिकाले ५१.३९ प्रतिशत अङ्क पाउँदा टोखा नगरपालिकाले ६५.६७ प्रतिशत अङ्क पाएको छ ।त्यस्तै, तारकेश्वर नगरपालिकाले ५९.२९, कीर्तिपुर नगरपालिकाले ६२.१५ प्रतिशत, चन्द्रागिरि नगरपालिकाले ६७.५९ र दक्षिणकाली नगरपालिकाले ५३.२२ अङ्क प्राप्त गरेको छ ।

आयोगका अनुसार भक्तपुरको भक्तपुर नगरपालिकाले ६८.३२ प्रतिशत अङ्क पाएको छ । चाँगुनारायण नगरपालिकाले ६२.५९, मध्यपुरथिमि नगरपालिकाले ५०.९२ र सूर्यविनायक नगरपालिकाले ६६.५२ अङ्क पाएको छ ।ललितपुरको महालक्ष्मी नगरपालिकाले ५१.७८, गोदावरी नगरपालिकाले ४०.९३, कोन्योसोम गाउँपालिकाले ६८.७९, महाँकाल गाउँपालिकाले ७२.९९ र बागमती गाउँपालिकाले ६७.८४ प्रतिशत अङ्क प्राप्त गरेको छ ।

आयोगले विभिन्न १७ वटा सूचक निर्धारण गरी मूल्याङ्कन गर्दै आएको छ । त्यसमा गाउँ कार्यपालिका वा नगरकार्यपालिकाले असार १० गतेभित्र चालु आर्थिक वर्षको बजेट पेस गरे/नगरेको, राजस्वको अनुमान पारित गरे/नगरेको, घरजग्गा, रजिस्ट्रेसन शुल्क, मनोरञ्जन करबापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको सूचक निर्धारण गरेको छ ।

त्यसैगरी, चालु आवको बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था, स्थानीय तहको गत आवको विनियोजित रकमअनुसारको खर्चको अवस्था, लेखापरीक्षणबाट औँल्याएको बेरुजुको अवस्थालगायतका सूचक निर्धारण गरिएको छ ।

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोग गरे/नगरेको, स्थानीय तहले आवधिक योजना तर्जुमा गरे/नगरेको, शैक्षिकसत्र २०८२ मा कक्षा १ देखि ८ सम्म पाँचदेखि १२ वर्ष उमेर समूहका विद्यार्थी खुद भर्नादर, कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउदर प्रस्तुत गर्नुपर्नेछ ।त्यस्तै, सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी सङ्ख्याको तुलनामा कम्तीमा स्तरीकृत अङ्क (जिपिए एक दशमलव छ) वा सोभन्दा उच्च जिपिए प्राप्त गरेका विद्यार्थीको प्रतिशत उल्लेख गर्नुपर्नेछ ।

यस्तै, कम्तीमा चारपटक गर्भजाँच गर्ने महिलाको अनुपात, पूर्णखोप पाएका बालबालिकाको अनुपात र आयोगले तयार गरेको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिमा प्रविष्ट गरे/नगरेको लगायतका सूचक निर्धारण गरेको छ । सोही सूचकका आधारमा आयोगले गाउँपालिका र नगरपालिकाको मूलयाङ्कन गर्दै आएको छ ।रासस

# ‘भड्किएको अनुशासन’लाई सीमाभित्र ल्याउन निर्वाचन अपरिहार्य : कावा प्रमुख आयुक्त भण्डारी

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन मुलुकको निकासका लागि विकल्पविहीन भएकाले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउने कार्यमा सहयोग पुर्‍याउन समाजका सबै तह र तप्कालाई आह्वान गर्नुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस) को ६५औँ वार्षिकोत्सव एवं विश्व रेडियो दिवसका अवसरमा शुक्रबारदेखि परीक्षण सुरु भएको ‘रासस पोडकास्ट’ को शुभारम्भ गर्दै उहाँले मुलुकमा भड्किएको अनुशासनलाई लयमा ल्याउन तथा सुशासन प्रवाह गर्ने प्रयोजनका लागि यो निर्वाचन अतिआवश्यक रहेको बताउनुभयो ।



कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, “यो निर्वाचन भड्किएको अनुशासनलाई सीमाभित्र ल्याउन र स्वच्छ जनप्रतिनिधि चयन गरी सुशासन प्रवाह गर्ने प्रयोजनका लागि हो, हामी निष्पक्ष निर्वाचन गरेर देखाउँछौँ ।” स्वच्छ र निष्ठावान उम्मेदवारलाई विजयी गराउनका लागि हुनलागेको निर्वाचन प्रक्रियामा सहभागी भई सार्वभौम अधिकारको प्रयोग गर्दै बदर नहुने ढङ्गबाट मतदान आग्रह गर्नुभयो ।

मिति घोषणापछि निर्वाचनलाई सफल बनाउन सम्पूर्ण सञ्चार जगत्ले अत्यन्तै राम्रो भूमिका खेलेको उल्लेख गर्दै प्रमुख आयुक्त भण्डारीले निर्वाचनको मिति घोषणा भएको अवस्थालाई चिरेर सबैको साझा प्रयासमा अहिलेको वातावरण बनेकाले अब निर्वाचन अर्को विकल्प भनेको निर्वाचनमात्रै भएको धारणा राख्नुभयो ।

एउटै शताब्दीमा पटकपटक क्रान्ति, जनआन्दोलन र विद्रोह भएको प्रसङ्ग उल्लेख गर्दै विद्रोहपछि घोषणा भएको यस निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन सबैबाट सहयोग हुनुपर्ने बताउनुभयो । निर्वाचनका लागि सरकारबाट आयोगलाई चाहिएको विषयवस्तु सम्पूर्ण उपलब्ध गराइएको बताउँदै उहाँले सोही स्रोतसाधनको परिधिभित्र रही आयोगले निर्वाचनको प्रक्रिया अघि बढाइरहेको स्पष्ट पार्नुभयो ।

जेनजी आन्दोलनपछिको अवस्थालाई संवाद र सहमतिमा ल्याउन सञ्चार जगत्लगायत सबै निकायले खेलेको भूमिका, बनेको विश्वासको वातावरण र विद्रोहको भावना त्याग्नका लागि दिएको सुझाव मननयोग्य रहेको बताउनुभयो । “सबैले मुलुकलाई लयमा ल्याउनुपर्छ विश्वासको वातावरणमा रहनुपर्छ, विद्रोहको भावना त्याग गर्नुपर्छ भन्नुभयो, यसमा हामी सबैको साझा दायित्व हो”, प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, “विथोलिएको वातावरण र विद्रोहको मनस्थितिलाई सङ्ग्ल्याएर निर्वाचन सम्पन्न गर्नु सबैको साझा प्रयासको परिणाम हो ।”

निर्वाचन प्रचारप्रसारका बेला एउटा दलले अर्को दलका लागि निषेधको राजनीति पनि गर्न सक्छ भन्नेमा सुरुआतदेखि नै सचेत रहेको बताउँदै उहाँले भन्नुभयो, “एउटा दलको नेता वा उम्मेदवारले अर्को दलका नेता तथा उम्मेदवारलाई घृणास्पद अभिव्यक्ति व्यक्त गर्न सक्छन् जुन कुरा आचारसहिंताले निषेध गर्छ, त्यो गर्न पाइन्नँ ।”सामाजिक सञ्जालबाट प्रसारण भएका कतिपय विषय झुटा पनि हुनसक्ने भएकाले सत्यतथ्यको परीक्षण गरेर मात्र सूचना तथा समाचार सम्प्रेषण गर्न आग्रह गर्दै कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले आफूले प्राप्त गरेको सूचना र समाचार पेसागत मर्यादा र निष्ठामा रही प्रकाशन/प्रसारण गर्न सुझाव दिनुभयो ।

एक प्रसङ्गमा उहाँले भन्नुभयो, “मतदाता शिक्षा र निर्वाचन शिक्षा भन्नेबारे सर्वप्रथम बुझ्न जरुरी छ, निर्वाचन प्रक्रियामा सामेल भइरहँदा आफूले गर्ने मतदान बदर नहुने र सदर हुने प्रयोजनका लागि दिइने मतदाता शिक्षाको विषय सधैँ पेचिलो हुन्छ । तथापि, निर्वाचन शिक्षाका बारेमा व्यापक प्रचारप्रसार गरिरएको र घरदैलोमा पुगेर शिक्षा दिइएको छ ।”

निर्वाचन आचारसंहिता कार्यान्वयनका सन्दर्भमा सुरुमा केही दिनमा अलि चुनौती र उजुरीको सङ्ख्या उल्लेख्य रूपमा आएको बताउँदै उहाँले आचारसंहिता अनुगमनका लागि केन्द्र, प्रदेश, जिल्ला, मुख्य निर्वाचन अधिकृत, सूचना अधिकृत, सहायक निर्वाचन अधिकृत, कोष तथा लेखा नियन्त्रण कार्यालयलाई जोडेर परिपालनामा जोड दिइएको जानकारी दिनुभयो । रासस

# ललितकला प्रदर्शनी सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा मधेश प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न भएको छ । पाँच दिनसम्म (माघ २५ देखि २९ गतेसम्म) सञ्चालन भएको प्रदर्शनी समापन तथा प्रमाणपत्र वितरण समारोहका साथ सम्पन्न भएको हो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको संयुक्त आयोजनामा सम्पन्न प्रदर्शनीमा राजर्षि जनक विश्वविद्यालय, मधेस प्रज्ञा प्रतिष्ठान तथा जनकपुरधाम उपमहानगरपालिकाले सहकार्य गरेका थिए ।

समापन समारोह राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा. डा. अमर प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो भने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह विशेष अतिथि रहेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख तथा मधेश प्रदेश समन्वय समिति संयोजक अरुणा हिङमाङको अध्यक्षता रहेको थियो ।

त्यसैगरी, कार्यक्रममा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, राजर्षि जनक विश्वविद्यालयका अध्ययन-अनुसन्धान निर्देशक आर.के. साह, मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडी, साहित्यकार रमेश रञ्जन झा तथा रोशन जनकपुरी लगायतको उपस्थिति रहेको थियो ।

प्रदर्शनीमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट सहभागी कलाकारहरूले आफ्ना सिर्जना प्रस्तुत गरेका थिए । समापन समारोहमा सहभागी कलाकार हरूलाई प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा प्रदेशका कलाकार, राजनीतिक दलका प्रतिनिधि, संघसंस्थाका पदाधिकारी, विद्यार्थी तथा पत्रकारहरूको सहभागिता रहेको आयोजकले जनाएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आस मारेको फल पुनः प्राप्त हुन सकछ। गोप्य रहस्य पत्ता लगाउन सकिने छ । |
| वृष : | परिस्थितिवश चिताएको काम रोकिन सक्छ । |
| मिथुन : | व्यापार तथा आर्थिक कारोबारमा राम्रै फाइदाको योग छ । |
| कर्कट : | आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम सम्पादन हुनेछ । |
| सिंह : | मान्यजनसंग असमझदारी बढ्न सक्छ। |
| कन्या : | पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । |
| तुला : | आर्थिक क्रियाकलापमा सोचेको फाइदा नउठ्न सक्छ । |
| वृश्चिक : | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । |
| धनु : | काममा आलस्य जाग्ने र खचएको मात्रा बढ्ने देखिन्छ । |
| मकर : | दैनिक आवश्यकता पुरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । |
| कुम्भ: | महत्वपूर्ण कामको सन्दर्भमा शक्तिशाली व्यक्तित्वहरुसंग मित्रता बढ्नेछ । |
| मीन : | मेहनत गर्दा भाग्योन्नतिको समय छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा नगरपालिका-२ रानीपुरका स्थानीय किसानको खेत आहाराको खोजीमा उड्दै गरेको हुटिट्याउँ चरा। तस्विर : रासस


# निर्वाचनमा शान्ति सुरक्षाको प्रबन्ध सुदृढ र प्रभावकारी बनाउन राष्ट्रपतिको निर्देशन



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आवश्यक शान्ति सुरक्षाको प्रबन्ध सशक्त, सुदृढ र प्रभावकारी बनाउन निर्देशन दिनुभएको छ । उहाँले त्यसका लागि आवश्यक स्रोत, साधन र जनशक्ति प्रबन्धमा सरकारले विशेष ध्यान दिने विश्वास पनि व्यक्त गर्नुभयो ।

राष्ट्रपतिभवनशीतलनिवासमा शुक्रबार गृहमन्त्रीसहित चारवटै सुरक्षा निकायका प्रमुखहरूसँगको भेटघाटमा राष्ट्रपति पौडेलले यस्तो निर्देशन दिनुभएको हो । "लोकतन्त्रमा जनताको अभिमत बुझ्ने उपयुक्त माध्यम निर्वाचनले नै मुलुकको वर्तमान अवस्थालाई निकास दिन्छ, त्यसैले यो निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सरकार र सुरक्षा निकायले कुनै कसर बाँकी राख्ने छैन", सो भेटमा राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। सो भेटघाटमा गृहमन्त्री ओमप्रकाश अर्याल, नेपाली सेनाका प्रमुख अशोकराज सिग्देल, नेपाल प्रहरीका प्रमुख दानबहादुर कार्की, सशस्त्र प्रहरी बल नेपालका प्रमुख राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको उपस्थिति रहेको थियो ।रासस

# मुलुकलाई निकाश दिने प्रमुख माध्यम निर्वाचन हो: सभापति लामिछाने



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले वर्तमान समयमा मुलुकलाई निकाश दिन निर्वाचन प्रमुख माध्यमका रूपमा रहेको बताउनुभएको छ। शुक्रबार यहाँका मतदातालाई सम्बोधन गर्दै उहाँले निर्वाचनमार्फत आम मतदाताले एउटा दललाई बहुमतसहित विजयी गराएर इतिहास रच्नुपर्नेमा जोड दिनुभयो।

सभापति लामिछानेले एउटै पार्टीलाई बहुमत दिएर इतिहास रच्ने समय आएकाले सक्षम र नेतृत्व लिनसक्ने व्यक्ति र दल छनोट गर्न आममतदातालाई आग्रह गर्नुभयो । चुनावी प्रचारका लागि भेटघाट गर्दै उहाँ शुक्रबार रिडी हुँदै तम्घास आउनुभएको हो ।

लामिछानेले आफूहरू देश बदल्ने अभियानमा सहभागी भएकाले यस अभियानमा सहकार्य र समन्वय गरी साथ दिन आनागरिकलाई आग्रह गर्नुभयो । उहाँले अहिले गलत नेतृत्व छाने देशले दुःख पाउने धारणा राख्नुभयो । उहाँले सदरमुकाम तम्घासमा रहेको सहिद शमशेरबहादुर खत्रीको शालिकमा माल्यार्पण गर्नुभएको थियो ।

रास्वपाबाट गुल्मी निर्वाचन क्षेत्र नं १ मा सागर ढकाल र २ मा गोविन्द पन्थी उम्मेदवार भएका छन् । जिल्लामा कूल दुई लाख २९ हजार ५४९ मतदाता छन् ।रासस

# पाटन दरबार सङ्ग्रहालय अवलोकन गर्न अनलाइनबाटै टिकट

ललितपुर । विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको पाटन दरबार सङ्ग्रहालय अवलोकनका लागि अब घरमै बसेर अनलाइन टिकट बुकिङ गर्न सकिने भएको छ। दरबार सङ्ग्रहालय प्रशासनले स्वदेशी तथा विदेशी पर्यटकलाई लक्ष्य गर्दै अनलाइन टिकट प्रणाली लागू गर्ने तयारी अन्तिम चरणमा पुगेको जनाएको छ।

पाटन दरबार सङ्ग्रहालयका प्रमुख सुरेशमान लाखेले हाल अनलाइन टिकट बुकिङ प्रणाली परीक्षण चरणमा रहेको जानकारी दिनुभयो। उहाँका अनुसार अहिले सङ्ग्रहालय परिसरमा रहेका दुईवटा काउन्टरमार्फत टिकट वितरण हुँदै आएको छ भने टिकट शुल्क क्यूआर कोडमार्फत भुक्तानी गर्ने व्यवस्था पहिले नै सुरु भइसकेको छ।"हालसम्म भौतिक काउन्टरबाट टिकट काट्नुपर्ने बाध्यता थियो", प्रमुख लाखेले भन्नुभयो, "अब घरबाटै अनलाइन माध्यम प्रयोग गरी टिकट बुकिङ गर्न सकिने व्यवस्था गरेपछि पर्यटकहरूका लागि अझ सहज हुनेछ। रासस

# विश्व शान्तिमा नेपाली सेनाको गर्वलायक उपस्थिति...



काठमाण्डु । विश्व शान्तिमा नेपाली शान्ति सैनिक आफूलाई साहासिक, अनुशासित एवं व्यावसायिक परिचय दिलाउन सफल भएका छन् । सन् १९५८ मा लेबनानमा पाँच सैनिक पर्यवेक्षक खटाइ संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति अभियानमा सहकार्य सुरु गरेको नेपाली सेना अहिले उक्त विश्व मञ्चको दह्रो सहयात्री बनेको छ।

राष्ट्रसङ्घको छातामुनि रही नेपाली सेनाले जोखिमयुक्त कार्य र जिम्मेवारीलाई समेत सहजै स्वीकार गरी इमान्दार, व्यावसायिक र आदेशपालक 'च्याम्पियन' सैनिकको परिचय दिलाउन सफल रहेको सिरियास्थित युएन शान्ति मिसनका पूर्वफोर्स कमाण्डर ईश्वर हमाल बताउनुहुन्छ ।पूर्वरथी हमाल भन्नुहुन्छ, "नेपाली शान्ति सैनिक अनुभवी, अनुशासित, तटस्थ, व्यावसायिक, आदेशपालक र भरपर्दो सैनिकका रूपमा परिचित छ । जोखिम अवस्थामा पनि तत्कालै परिचालित हुने भएकाले पनि नेपाली शान्ति सैनिकलाई सबैले मन पराउँछन् ।"

विश्व शान्ति, सुरक्षा, समानता र परस्पर सम्मानको साझा उद्देश्यका साथ स्थापना भएको विश्व मञ्चमा नेपालको प्रवेश भने सन् १९५५ डिसेम्बर १४ मा भएको थियो । नेपालले सन् १९६९-७० र सन् १९८८-१९८९ मा दुईपटक राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको छ। त्यसो त नेपालको परराष्ट्र नीतिमै पनि राष्ट्रसङ्घकै बडापत्रको सिद्धान्तलाई सर्वाधिक प्राथमिकता दिइएको छ । द्वन्द्वग्रस्त मुलुकमा शान्ति सैनिक पठाइने सिलसिलामा युएनको झण्डामुनिमात्र जाने नेपालले राष्ट्रिय नीति अवलम्बन गरेको छ।

राष्ट्रको आह्वानमा पुरानो गोरख गण सन् १९७४ मा इजिप्टमा पहिलोपटक तैनाथ भएको थियो । त्यस समयदेखि सङ्घका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ । यस अवधिमा ४४ मिसनमा एक लाख ६२ हजार ४९६ 'ब्लु हेल्मेट धारी' शान्तिकामी नेपाली सैनिकले योगदान पुर्याइसकेका छन् । त्यसबापत सोही सख्यामा 'राष्ट्रसङ्घीय शान्ति पदक' प्राप्त गरिसकेका छन् । विश्व शान्ति अभियानमा तीन हजार ६६६ बढी नेपाली महिला शान्ति सैनिकको योगदान छ । यसबीचमा सेनाले इन्जिनियर, मेडिकल र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज सहभागी गराएर राष्ट्रसङ्घको शान्ति कार्यमा महत्त्वपूर्ण योगदान दिइरहेको छ।

साइप्रस मिसनमा खटिनुभएका नेपाली सेनाका पूर्वफोर्स कमान्डर रथी भिक्ट्रीशम्सेर जवरा (अप्रा) अन्तरराष्ट्रिय जगत्मा मिसन हाक्ने गरी द्वन्द्वरत मुलुकमा फोर्स कमान्डर भएर जान पाउनु देश र सङ्गठनका लागि ठूलो अवसर भएको प्रतिक्रिया दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, "त्यसबेला त्यहाँ युरोप, अष्ट्रेलिया, अर्जेनटिनालगायत १५ मुलुकका करिब एक हजार ७०० जति शान्ति सैनिक परिचालित थिए । फोर्स कमान्डरका हैसियतले त्यसको नेतृत्वको जिम्मेवारी थियो।"

नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसङ्घलगायत निकायबाट उच्च प्रशंसा हुँदै आएको छ। विश्व शान्ति स्थापना कार्यमा परिचालित हुँदा हालसम्म ७४ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने ७७ जना गम्भीर घाइते भएका छन्।

पछिल्लो समय युएनमा आर्थिक अभावका कारण द्वन्द्वरत मुलुकमा स्थापना भएका मिसनमा परिचालित हुने शान्ति सैनिकको सख्यामा कटौती गरिएको छ । विसं २०७९ मङ्सिरमा सेन्ट्रल अफ्रिकन रिपब्लिकमा शान्ति सैनिक तैनाथीसँगै मिसनमा सैनिक खटाउने मुलुकको सूचीमा नेपाल पहिलो वरियतामा पुगेको थियो । त्यसबेला नेपाली शान्ति सैनिकको सख्या सबैभन्दा बढी छ हजार १६ पुगेको थियो ।विश्वका १० मिसनमा हाल ३९१ महिलासहित चार हजार ३०२ नेपाली शान्ति सैनिक परिचालित छन् । महिला सैनिक खटाउने देशको सूचीमा पनि नेपाल अग्रस्थानमै छ । राष्ट्रसङ्घले विश्व शान्तिकार्यका लागि नोबल पुरस्कार प्राप्त गर्नुमा नेपाली शान्ति सैनिकको पनि ठूलो योगदान छ।

नेपालले अन्तरराष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ। नेपाल सधैँ विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ। राष्ट्रसङ्घबाट नेपालाई अनुरोध भइआएमा ६० दिनभित्र मिसनमा तैनाथ गराउन सक्नेगरी उपकरण र आवश्यक थप जनशक्ति तयारी अवस्थामा रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रलाई 'सेन्टर अफ एक्सेलेन्स' बनाउने लक्ष्यअनुरूप भौतिक पूर्वाधार स्तरोन्नतिको काम भइरहेको छ । त्यस स्थानमा शान्ति स्थापना कार्यमा बहुराष्ट्रिय शान्ति सैनिकबीच अन्तरसम्बन्ध र साझेदारी बढाउन संयुक्त राष्ट्रसङ्घको शान्ति अभियानसँग सम्बन्धित विभिन्न अभ्यासहरू सञ्चालन हुँदै आएको छ।

जसअनुसार एक वर्षमा विदेशी ३१ र स्वदेशी ६४ जनाको सहभागितासहित चारवटा युएनसम्बन्धी विशिष्टिकृत तालिम सञ्चालन भयो। सोही अवधिमा उक्त केन्द्रमा १२ वटा शान्ति सेनाका युनिटका तीन हजार ५३१ जनालाई 'प्रिडिप्लोयमेन्ट' तालिम दिइयो । अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको कूटनीतिक सम्बन्ध हासिल गर्ने एक महत्त्वपूर्ण उपाय र संयन्त्रका रूपमा नेपाली शान्ति सैनिक रहेको छ । राष्ट्रसङ्घमा फौज उपलब्ध गराएबापत नेपाललाई प्राप्त हुने रकम विदेशी मुद्रा आर्जन गर्ने महत्त्वपूर्ण स्रोत हो । शान्ति मिसनमा काम गर्ने सिलसिलामा नेपाली शान्ति सैनिकले नेपालको मूल्य, मान्यता, संस्कृति, भाषा र जीवनशैलीलाई विश्वमाझ परिचित गराएका छन् । त्योसँगै विश्वका विभिन्न प्रणाली, प्रविधि र असल अभ्यासबारे जानकारी लिने अवसर प्राप्त भएको छ।

परराष्ट्र सम्बन्ध विस्तारका हिसाबले दूतावास नभएका ठाउँमा खटिएका शान्ति सैनिकबाट प्रत्यक्ष नभए पनि परोक्ष रूपमा सम्बन्ध विस्तारमा सहयोग पुग्दै आएको छ। उदाहरणका लागि राष्ट्रसङ्घको शान्ति कार्यलाई सवलीकरण गर्ने उद्देश्यले शान्ति स्थापनासम्बन्धी विविध विषयमा छलफल गर्न संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रका परराष्ट्र र रक्षामन्त्रीको सहभागितामा प्रत्येक दुई वर्षमा मन्त्रीस्तरीय बैठक बस्दै आएको छ। जुन बैठकले विश्वका विभिन्न देशसँग नेपालको सम्बन्ध विस्तारमा सहयोग पुगिरहेको छ।

सन् १९४५ अक्टोबर २४ मा संयुक्त राष्ट्रसङ्घको वडापत्र लागू भएको दिनको सम्झनास्वरूप संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष उक्त दिनलाई संयुक्त राष्ट्रसङ्घ दिवसका रूपमा मनाउँदै आइरहेको छ । सोही सिलसिलामा नेपाली सेनाले पनि वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा विविध कार्यक्रम आयोजना गरी 'संयुक्त राष्ट्रसङ्घ दिवस' मनाउँदै आएको छ । नेपाली सेनाको शान्ति मिसन यात्रा सुरु भएयता राष्ट्रसङ्घीय शान्ति मिसनमा रही नेपाली सेनाका उच्च अधिकृतले सेक्टर र फोर्स कमान्डरका रूपमा जिम्मेवारी सम्हाल्दै आउनुभएको छ।

यसअघि तत्कालीन रथी कृष्णनारायणसिंह थापा (कुवेत), रथी भिक्ट्रीशम्शेर जबरा (साइप्रस), उपरथी बालानन्द शर्मा (इजरायल/सिरिया), उपरथी पवनजङ्ग थापा (दक्षिण सुडान), उपरथी पूर्णचन्द्र थापा, रथी ईश्वर हमाल र रथी निर्मलकुमार थापाले (सिरिया) मिसनमा फोर्स कमान्डरको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नुभयो । हाल दक्षिण सुडानमा बलाध्यक्ष रथी गणेशकुमार श्रेष्ठ कार्यरत हुनुहुन्छ।

राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहबाट दिव्योपदेशमा उल्लेख गरेअनुरूप 'सिपाही भन्या तिषारी राख्न हुन' भन्ने पक्षलाई अनुशरण गर्दै नेपाली सेनाले व्यावसायिक सीप र दक्षताका आधारमा विश्वका उत्कृष्ट सेनाको पङ्क्तिमा आफूलाई अब्बल सावित गरिरहेको छ।

संयुक्त अधिराज्य बेलायतको वेल्सस्थित ब्रेकनमा वार्षिक रूपमा आयोजना हुने अत्यन्तै कठिन र जोखिमयुक्त अभ्यास क्याम्ब्रियन र पाकिस्तानमा हुँदै आएका गस्तीमा नेपाली सेना तीनपटक सर्वोत्कृष्ट भई स्वर्ण पदक जित्न सफल भएको छ । बेलायतमा भएको प्रतियोगितामा ३७ राष्ट्रका १२१ अन्तरराष्ट्रिय सैनिक टोलीलाई र पाकिस्तानमा भएको प्रतियोगितामा १७ राष्ट्रक ३८ सैनिक टोलीलाई पछि पार्दै नेपाली सेनाले प्राप्त गरेको नतिजाले नेपाली सेना एक कुशल, व्यावसायिक र लगनशील सैनिकका रूपमा विश्वभर स्थापित भएको छ।

अत्यन्तै कठिन गस्तीका रूपमा रहेको उक्त अभ्यासमा जटिल परिस्थितिमा पनि आफ्नो फौजलाई जोगाएर मिसन पूरा गर्ने, खबर सङ्कलन गर्ने, अरुको हतियार नष्ट गर्ने, घाइते तथा बिरामीलाई उचार गर्ने, विरोधीलाई पक्रने तथा रात्रिकालीन आक्रमण गर्ने कार्यमा नेपाली सेनाले आफ्नो गोर्खाली फौजको वीरता, सहास र व्यावसायिकता प्रदर्शन उजागर गरेको छ।

विश्वका विभिन्न द्वन्द्वरत राष्ट्रमा खटिएको नेपाली शान्ति सैनिकले राष्ट्रसङ्घ र नेपालको मान, प्रतिष्ठा र इज्जत अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान गरिरहेको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेत बताउनुहुन्छ।यसपरिप्रेक्ष्यमा २६३औँ वार्षिकोत्सव मनाइरहँदा नेपाली सेनाले विश्व समुदायमाझ अनुशासित, विश्वासनीय र भरपर्दो शान्ति सैनिकको पहिचान बनाउन सफल भएको छ ।रासस

# विमानस्थलमा जुलुस, प्रदर्शन, भेलाजस्ता कार्यक्रम गर्न नपाइने



काठमाण्डु । काठमाडौँ प्रशासनले अतिसंवेदनशील मानिने त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा जुलुस, प्रदर्शन, हड्ताल तथा भेलाजस्ता कार्यक्रम गर्न नपाइने जानकारी गराउँदै यस्ता गतिविधि भए कारबाही गर्ने स्पष्ट पारेको छ।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले फागुन १ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल र आसपासका क्षेत्रमा केही प्रदर्शन, भेला र र्यालीजस्ता गतिविधि गर्ने भनी केही समूह तथा राजनीतिक दलबाट जारी भएका विज्ञप्ति एवं सूचना र सामाजिक सञ्जालका विषयवस्तुप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो ।यस प्रकारका प्रदर्शन, र्याली, भेलाजस्ता गतिविधि गर्नका लागि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम अनुमति लिनुर्पेमा कोही कसैले यस कार्यालयमा जानकारी गराउने वा पूर्वस्वीकृति लिने कार्य नगरेको पनि उहाँले बताउनुभयो।

उहाँले एक सार्वजनिक सूचना जारी गरी निर्वाचन आचारसंहिता लागू भइसकेको हालको अवस्थामा यस्ता प्रकृतिका कार्यक्रम गर्न बन्देज रहेको तथा यस प्रकारका कार्यक्रममा निर्वाचनविरोधी भनिएका समूहसमेतको घुसपैठ हुनसक्ने सम्भावना रहेको पनि बताउनुभएको छ।

काठमाडौँ प्रशासनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आसन्न निर्वाचनको सन्दर्भ, फागुन ३ गतेको महाशिवरात्रि पर्वको व्यवस्थापन, धार्मिक एवं सांस्कृतिक आस्थाको सम्मान गर्दै उक्त पर्वलाई भव्य रूपमा सम्पन्न गर्न, अन्तरराष्ट्रिय विमानस्थलजस्तो अत्यन्त संवेदनशील स्थान र आसपासका क्षेत्रसमेतको सुरक्षालाई मध्यनजर गर्दै, विमानस्थलसम्म आवतजावत गर्ने यात्रुहरूको सहज आवागमनलाई सुनिश्चित गर्न, विमानस्थल आसपासका क्षेत्र एवं सार्वजनिक सडक मार्गमा यातायात सञ्चालन तथा आम सर्वसाधारणको निर्वाध आवतजावत गर्न पाउने हक सङ्कुचन हुनेगरी कुनै प्रकारको जुलुस, प्रदर्शन, हड्ताल, र्याली, भेला हुनेजस्ता कार्य नगर्न/नगराउन, सामाजिक सञ्जालका माध्यमबाट यस प्रकारका कार्यहरूलाई प्रेरित गर्ने वा उक्साउनेजस्ता गतिविधि नगर्न/नगराउन जानकारी गराइएको छ।"रासस

## ध्यानाकर्षण

**श्री सम्पादकज्यू,**
**जनकपुर टुडे दैनिक, जनकपुरधाम।**

मिति२०८२ साल माघ २५ गते आइतबारको अंकमा गलत रिपोर्ट बनाउने प्रवृतिबन्द गर्नुपर्छ शीर्षकमा सम्पादकीय प्रकाशन भएकोमा हाम्रो ध्यानाकर्षण भएको छ । सेभ द चिल्ड्रेन र आसमान नेपालले विगतलामो समयदेखि नेपालमाबालबालिका र सीमान्तकृत समुदायको स्वास्थ्य, शिक्षा, संरक्षण र अर्थपूर्ण सहभागिताको क्षेत्रमाकामगर्दै आएका छन्। बालबालिकाको अधिकारकालागि सरोकारवाला र सरकारसँग मिलेरसञ्चालन गरिएका विभिन्न विकासका कार्यक्रममा बालबालिकाको अर्थपूर्ण सहभागितासमेत प्रवर्द्धन गरेको कुरा जानकारी गराउन चाहन्छौं।

उक्त सम्पादकीयमा यी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरु अपारदर्शी, उद्देश्यविहीन तथा प्रचारमुखी गलत नियतले गरिरहेको उल्लेख भएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। हामी सञ्चारमाध्यमलाई बालअधिकार, मानवअधिकार सम्मान र प्रवर्द्धनको संवाहक तथा नागरिक समाजको अभिन्नअंगहो भन्ने तर्कलाई आत्मसात गर्दै आएका छौं र बालअधिकार पैरवीमा सञ्चारमाध्यमको महत्वपूर्ण भूमिकाप्रति सधैं कृतज्ञ छौं । त्यसैले आगामी दिनमा सही, तथ्य र प्रमाणमा आधारित विषयवस्तु मात्रप्रकाशन गरी आम पाठकहरुलाई सुसुचित गर्नुहुनेछ भने अपेक्षा पनि गरेका छौं।

**आसमान नेपाल र सेभ द चिल्ड्रेन**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'म धेरै जान्ने भए रे'

मलाई यो पृतिसतात्मक समाजका केही ले मिति धेरै  जान्ने भयौ भनेर आरोप लगाउदै छ।
हो मलाई धेरै नै जान्नु छ किनकी समाजमा वर्षौ देखि जडा गाडेर बसेको पितृसत्तात्मक संरचनलाई भत्काउनु छ।
हो मलाई धेरै जान्नु छ किनकी समाजमा दिन दिनै महिला तथा किशोरीहरु माथि हत्या, हिंसा , बलत्कार जस्ता जनघन्य अपराध हुदैछ यस विरुद्धमा लडनु छ त्यही भएर मलाई धेरै नै जान्नु छ।
हो मलाई धेरै जान्नु छ किनकी  महिलालाई यो समाजले अहिले पनि दोस्रो दर्जाको नागरिकको रुपमा हेरेको छ  यस विरुद्धमा काम गरी यो हेराई तथा सोचमा परिर्वतन ल्याउनु छ त्यही भएर मलाई धेरै जान्नु छ।
हो मलाई धेरै जान्नु छ किनकी  हिंसा प्रभावित महिलालाई न्याय प्रदानमा सहयोग गरेर त्यही समाजमा पुनस्थार्पना  भई प्रभावित देखी परिर्वतको संम्वाहक भएको हेर्न मन छ त्यही भएर मलाई धेरै जान्नु छ।
हो मलाई धेरै जान्नु छ किनकी महिलाहरुको श्रम ,शरिर र पहिचान माथिको बन्धन लाई तोडनु छ त्यही भएर मलाई धेरै जान्नु छ।
हो मलाई धेरै जान्नु छ किनकी समाजमा भएको सवै खाले लैंगिक विभेद विरुद्ध खुलेर महिला तथा किशोरीहरुले स्वातन्त्र रुपले आवाज उठाएको हेर्न मन छ त्यही भएर मलाई धेरै जान्नु छ।
हो मलाई धेरै जान्नु छ किनकी लैंगिक समानता भएको समाज निमार्ण लागी महिला, बालबालिका , युवा , लैंगिक तथा यौनिक अल्पसंख्यक, पुरुष तथा जेष्ठ नागरिकहरुको मानसिकतामा परिवर्तन ल्याउनको लागी सवैको संगठित र साझा अभियान निरन्तर संचालन गर्नु छ त्यही भएर मलाई धेरै जान्नु छ।
यदि अन्याय विरूद्ध  बोल्न जान्नु, प्रश्न गर्न जान्नु र परिवर्तन चाहनु “धेरै जान्ने” हुनु हो भने–
हो, म त्यो स्वीकार्छु  र आफुमा गर्व गर्छु।



**नामः  विणा कुमारी सिंह**
**ठेगाना : मधेश प्रदेश , जनकपुरधाम**

### ।। मुक्तक ।।

रिसाएर घुर्की लाउदै नजाउन सानू पर
चोखो माया गर्छु तिमीलाई आउन नजिक सर
धेरै चाहान्छु म तिमिलाई सक्दिन भुल्न कहिले,
तिमी बिना जिवनको छैन जस्तो लाग्छ भर



**प्रेम शर्मा ' एकान्त प्रेमी**
**कालेबुङ**

## लोकतन्त्र र मध्यावधि निर्वाचन



**नामः दष्पभकज थ्बमबख**

लोकतन्त्र देशको शासन व्यवस्थामा जनता आफै वा आफ्नो प्रतिनिधि मार्फत सहभागी हुने र निर्णय गर्न पाउने अधिकारसहितको शासन व्यवस्था हो। लोकतन्त्रमा जनतालाई बोल्ने, लेख्ने, प्रकाशन गर्ने, सभा सम्मेलन गर्न पाउने, संघ संस्था तथा दल खोल्न र त्यसमा सहभागी हुन पाउने, प्रतिनिधि चयन गर्न र सरकार बनाउन पाउने जस्ता नागरिक तथा राजनीतिक अधिकार लोकतन्त्रमा सुनिश्चित गरिएको हुन्छ। अर्थात् अर्को शब्दमा लोकतन्त्र जनताद्वारा जनताकै निमित्त जनताकै लागि जनताले शासन गर्ने प्रणाली वा व्यवस्था हो।

लोकतन्त्रमा मानव स्वतन्त्रताको संरक्षण गर्ने सिद्धान्त निहित भएकाले यसले स्वतन्त्रतालाई संस्थागत गर्न सहयोग गर्दछ। लोकतन्त्रमा बहुमतको सम्मान गर्दै अल्पमतको कदर तथा संरक्षण समेत गरिन्छ।सबैजना जनता एकैपटक सरकारमा सहभागी भई शासन आफै चलाउन सम्भव नहुने हुँदा सबै नागरिकलाई शासन व्यवस्थामा सहभागी हुन आवधिक रूपमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका माध्यमबाट आफ्ना प्रतिनिधिहरु छनौट गरी लोकतान्त्रिक सरकार स्थापनाद्वारा मुलुकको शासन सञ्चालनमा सहभागी हुने अवसर लोकतन्त्रले प्रदान गर्दछ।

**मध्यावधि निर्वाचन**

संसदीय शासन व्यवस्थालाई धभकतक्ष्लकतभच को शासन प्रणाली पनि भन्ने गरिन्छ। यो प्रणालीमा सरकारका तीन अङ्गबीच शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्त बमोजिम संसदबाट निर्वाचित कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार समेत रहेको हुन्छ। यदि संविधान बमोजिम तोकिएको संसद्को अवधि पुरा नहुँदै प्रधानमन्त्रीले जनताको ताजा जनादेश लिनका लागि संसदको विघटन गरी निर्वाचन घोषणा गरेमा त्यस्तो निर्वाचनलाई मध्यावधि निर्वाचन भनिन्छ।

नेपालको संविधान बमोजिम अगावै विघटन भएकामा बाहेक प्रतिनिधि सभा को कार्यकाल पाँच वर्षको हुने व्यवस्था संविधानले गरेको छ। प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रतिनिधि सभाबाट प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा को विघटन गरी ६ महिनाभित्र अर्को नयाँ प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने नेपालको संविधानले व्यवस्था गरेको छ।

यसरी हेर्दा नेपालको संविधानले प्रतिनिधिसभा को कार्यकाल अगाबै निर्वाचन हुनसक्ने प्रावधान रहेको भएतापनि स्पष्ट रूपमा मध्यावधि निर्वाचनको व्यवस्था गरेको छैन। प्रदेश सभा हरु सेम हुन्छ।

## ।। शुद्ध हृदय ।।


शुद्ध हृदयमा बस्छ उज्यालो,
न स्वार्थको छाया, न मन कालो।
साँचो बोली, सरल व्यवहार,
मौनमै लुकेको साँचो प्यार।
दुखमा साथ, सुखमा हर्ष,
अरूको पीडामा आफ्नै स्पर्श।
लोभ न रिस, न घमण्डको भार,
मायाले भरिएको जीवन सार।
जसको मन छ सफा र सिधा,
उही नै धनी–शुद्ध हृदयधारी सदा।



**लेखकः रश्मी दनुवार**
**मोरङ, नेपाल**

## ।। फेउर एलै चुनाव ।।

गामे गामे भोज होतै
गफारी सबके खोज होतै
मुहगरहा सबके मोज होतै
चुटी जका सब सोझ होतै
पल्टतै फेर सँ जनताके किताब
एक एक प सब बनतै नबाब
फेउर एलै चुनाव -२
टाट टाट प पोस्टर सटैतै
घर घरमे ढौवा रुपैयाँ बटैतै
केकरो बरहैतै केकरो घटैतै
टोल टोलमे जनताके पटियैतै
भौंट भोंटके होतै हिसाब
कतौ फुसलतै, कतौ देतै दबाब
फेउर एलै चुनाव-२



**रचनाः-रमेश मँडल धानुक**
**मिथिला बिहारी नगरपालिका-१**
**भुतही पटेर्वा ,धनुषा**

## ।। नयाँ पुस्ताको आँसु र 'सिस्टम' को लास ।।

छाती ताकी गोली ठोकिएका ती कलिला ज्यानहरू,
जसले देश खोज्दा पाए केवल सडकमा अपमानहरू।
गोली हान्नेले तक्मा पाउँछ, यहाँ न्यायको नाटक चल्छ,
तर “किन मारिस्?“ भनी सोध्नेको मात्र यहाँ घर जल्छ।
नेताको झण्डा बोक्ने गाडीले मान्छे कुल्चँदा 'काण्ड' हुँदैन,
एउटा स्याल मर्दा कानुन जाग्छ, तर मान्छे मर्दा ब्राण्ड हुँदैन।
खरिदार हुन 'बाह्र पास', लोकसेवाको सास्ती छ,
तर देश चलाउने कुर्सी त 'आठ फेल' को मस्ती छ।
न्भल श भन्छन्, यो अन्यायको अब त सीमा नाघिसक्यो,
पढेलेखेको युवाको सपना त बाकसमा लागिसक्यो।
न जागिर छ, न न्याय छ, छ त केवल भ्रष्टाचार,
पसिना बगाउन खाडी पठाउने कस्तो यो सरकार?
चाकडी गर्नेले महल ठड्याए, टेबलमुनि नोट कोचेर,
युवाहरू सडकमा ढले, आफ्नै हक र अधिकार खोजेर।
भ्रष्टाचारीको माला ठुलो, सहिदको रगत सस्तो भो,
मेरो देशको शासन व्यवस्था, आज फेरि कस्तो भो?
सडकमा ढलेका ती युवाको रगतले जवाफ माग्दै छ,
यो 'आठ फेल' को सत्ताले अब आफ्नो आयु काट्दै छ।
न बिर्सिनु ती अनुहार, जसले देश बनाउन खोजेका थिए,
न बिर्सिनु ती सपना, जो आन्दोलनमै रोजेका थिए।
सडकमा रगत सुकिसक्यो, तर आमाको आँसु ओभानो छैन,
छोरा त फर्किएन, तर घरमा अब खुसीको सिरानो छैन।
“देश बनाउँछु“ भन्थ्यो ऊ, तर देशले नै उसलाई खाइदियो,
एउटा सपनाको लासलाई, बाकसमा हालेर पठाइदियो।
जसले गोली ठोक्यो, उसकै घरमा आज दीपावली छ,
जसको छोरो ढल्यो, उसको काख आज रित्तो र खाली छ।
त्यो 'आठ फेल' नेतालाई के थाहा, एउटा डिग्रीको मोल कति?
एउटा बाबुको काँधमा, जवान छोराको लासको तौल कति?
न रुन पाउँछ यो पुस्ता, न त हाँस्न नै सक्छ,
आफ्नै माटोमा न्याय खोज्दा, यहाँ गोली मात्रै बच्छ।
बिदा पाउँ नेपाल आमा, तिम्रो यो 'सिस्टम' सँग हारें म,
बिना अपराध आफ्नै देशमा, पटक-पटक मारिएँ म।



**नामः रामनारायण साह सोनार**
**ठेगाना : छिपाहरमाई गा. पा.-०४, पर्सा**
**पेशा : शिक्षक**

## ।। महाशिवरात्री को उमङ्ग ।।

महाशिवरात्री आयो, डमरु नाद बज्यो,
भक्तिको दीप बाल्दै, मनको अन्धकार सज्यो।
ॐ नमः शिवाय गुञ्जे, आकाश धर्ती भरि,
शिवमय भयो संसार, ज्योति झल्के घरि घरि।
जटा बीच गंगा बग्छिन्, शीतल धारा बनी,
चन्द्र झल्के शिरमा, शोभा दिव्य घनी।
नागको माला लाएर, कैलाशपति मुस्कान,
भक्तका मनमा छिर्यो, शान्ति र प्रेमको गान।
व्रत बसेर जाग्राम बस्ने, श्रद्धाको उज्यालो,
बेलपत्र चढाउँदा खुल्छ, भाग्यको ताला।
धूपको सुगन्ध उड्छ, मन्त्रोच्चार सँगै,
शिव कृपा बरसून् भनी, हात जोड्छन् सबै।
महाशिवरात्रीको रात, पावन अनि गहिरो,
अज्ञान हटाउने ज्योति, सत्यको बाटो सहिरो।
हे भोलेनाथ, करुणा देऊ, जीवन होस् उज्यालो,
तिम्रो नाम जप्दै बितोस्, हर पल शुभ र राम्रो।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। यहा सालो साल ठकली ।।

यहाँ सालो साल ठकली
आब कते ठकब
चुनाव समयमे गामे गाम घुमै छी
जितला के बाद घुरक नै अबै छी
कोन मुहँ उठाक भोट माग अबै छी
लाज सरम हब नै यहाँ के
कोनाक भोट लेब जनता सँ
नै हब यहाँ के बोलिके ठेकान
कते झुठ बोइल जनताके ठकली
किसानके पिडा यहाँ कहाँ देखली
मल खाद कैली महगाई जनताके
लैइ छै जान
अपने घुमैछी करोड के गारी मे
जनताके भगबै छी अरबके खाडी मे
स्वस्थ्य शिक्षा हाल देखु
जनता सब पिराईल छै
भष्टाचारी सँ देश बिगर छै
जनता सब पिसाईल छै
यहाँ सालो साल ठकली
आब कते ठकब



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। बाबा कुर्सीला बेहाल ।।

बाबा हो तो कतेक जितबा, करबा कतेक कमाल
कतेक करबा कुर्सी कुर्सी, हाल भेलो बेहाल।
धौऽ! छोरअ आबो मोहमायाके, लुईटक भेला नेहाल
बाबा हो तो कतेक जितबा, करबा कतेक कमाल।।१।।
कि दोषे रहै युवा सभके, जेकरा तो केलहो हलाल
लुटतन्त्रके लुटे नीति भेलहो सभ दलाल।
विध्वंसे विनास शासनमे तोहर, तो बनला देशके काल
बाबा हो तो कतेक जितबा, करबा कतेक कमाल।।२।।
सकस जनता शासन सऽ तोहर, ताले छो बेताल
सुशासन समृद्धि कहाँ ?, सभ भ्रष्टक छै जनजाल।
दहो मौका युवाके आबो, छा कुर्सीला बेहाल
बूढ़ भेला आब थिर होव, तो केलहो बड कमाल।।३।।



**आभाष कर्ण**
**जनकपुरधाम**

## 'शिवरात्रि'

फागुन महिना पावन रतिया,
आएल शिवरात्रि के त्यौहार।
दीप जरै हर घर-आँगन में,
गूंजै “बम बम” के जयकार।
मन्दिर-मन्दिर भीड़ लगै छै,
भक्तजन करै उपवास।
बेलपत्र आ धतूरा चढ़ा के,
मांगै सुख-शान्ति के आस।
गंगाजल सँ अभिषेक करै छै,
भक्ति में भीजल सब मन।
भोलेनाथ कृपा बरसाबथि,
मिटा दैत छथि सब दुःख-तन।
डमरू बाजै, शंख धुन गूंजै,
नाचै जग सगरो संग।
शिव शम्भु के महिमा गाबै,
रहै प्रेम आ शान्ति के रंग।
हर-हर महादेव के जयकार,
गूंजै चारू दिशि में राति।
शिवरात्रि हम सभ मिल मनाबै,
भक्ति सँ भरल ई पवित्र राति।



**नाम-राजु ठाकुर हजाम**
**ठेकाना-क्षि. न.पा-७(नयाँबजार)**

## ।।भ्रमका व्यापारी।।

गाउँको चोकमा फेरि उही अनुहार,
हातमा झुटो सपना, मुखमा मीठो व्यवहार।
घर-घर धाउँदै, आस बस्न माग्दै,
जनताको दुख माथि राजनीति साज्दै।
हिजो कहाँ थिए तिमी, जब बाटो थिएन?
जब अस्पताल टाढा थियो, औषधि थिएन।
जब युवा विदेशिन बाध्य भए,
त्यो बेला किन तिमी मौन बसे?
आज फेरि चुनाव आयो,
गाउँभरि झण्डा छायो।
झुटको थैली बोकेर आयौ,
गरिबको आँसुमा नारा गाइौ।
जनता अब अन्धो छैन,
भोट अब सस्तो छैन।
तिम्रो भाषणले पेट भरिँदैन,
फोटो खिचेर भविष्य बनिँदैन।
भ्रमका व्यापारी हो,
अब चेतावनी सुन–
यो माटो बेच्ने खेल
अब धेरै दिन चल्दैन।
गाउँको धुलोले चिनिसक्यो तिमीलाई,
तिम्रो वाचा खोक्रो छ, थाहा पाइसक्यो सबैलाई।
अब जनताले प्रश्न सोध्नेछ,
र जवाफ नआए–
तिम्रो राजनीति यहीँ रोकिनेछ।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः लक्ष्मीपुर ०४- धनुषाधाम**


## ।। स्वार्थी दुनिया ।।

बलेको आगो ताप्नेहरूको, मेला रहेछ यो दुनियाँ,
आफ्नो काम बनेपछि, बिर्सने त यहाँ धेरै छन।
सम्बन्ध पनि यहाँ त, नाफा र घाटामा जोखिन्छ,
स्वार्थको जालो भित्र मात्रै, मानवता यहाँ देखिन्छ।
रित्तो हात आउनु र, रित्तै जानु छ अन्तमा,
तैपनि लुछाचुँडीमै चल्छ, यो सारा रन्को मनमा।



**लेखकः शम्भु साह (कानूनी सल्लाहकार)**
**ठेगाना : मिरचैया न. पा. ११**

## यौनकर्मीको जीवनमा बनेको 'लालिमा' फागुन २९ मा आउने



काठमाण्डु । तीन हजार यौनकर्मीको जीवन अनुभवमा आधारित फिल्म 'लालिमा' प्रतिनिधि सभाको निर्वाचन सकिएको एक सातापछि प्रदर्शनमा आउने भएको छ । मंगलबार निर्माताले फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फागुन २९ गतेलाई प्रदर्शन मिति तय गरेका हुन् । सोही मितिमा अर्को फिल्म 'स्त्री' पनि रिलिज हुँदैछ।

पोस्टरमा फिल्मकी मुख्य अभिनेत्री रोशनी कार्कीलाई मात्र प्रस्तुत गरिएको छ। झ्यालको छेउमा बसेकी उनले सेतो कपडाले आफ्नो शरीर छोपेकी छिन्। उनको अनुहारमा डरको भाव देखिन्छ। उनले लगाएको लाली पनि लतपतिएको छ। यसले उनको चरित्रबारे संकेत दिएको छ। फिल्ममा उनले यौनकर्मीको भूमिका निभाएकी छन्।

रोशन मिराजको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा रोशनीसहित उषा रजक, शिशिर वाङ्देल, जीवन भट्टराई, सबिन कट्टेल, घनश्याम जोशी, सुष्मा निरौला लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ। फेथ आस्था र एम्पिफाई चेन्जको सहकार्यमा निर्माण भएको फिल्मको कार्यकारी निर्माता रीना लामा हुन्।

फिल्मबारे निर्देशक मिराज भन्छन्, 'फिल्मको कथा लालिमा पात्रको कठिन यात्रासँग सम्बन्धित छ। एक घटनाले लालिमाकी बोल्न नसक्ने आमा कारागार पुग्छिन्। फिल्मीखबर

# मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्नु राम्रो हो : अर्थमन्त्री खनाल



काठमाण्डु । अर्थमन्त्री रामेश्वर खनालले मन्त्रीहरूले बुझाएको सम्पत्ति विवरण सार्वजनिक भए राम्रो हुने बताउनुभएको छ। नेपाल पत्रकार महासङ्घ र राष्ट्रिय सूचना आयोगको शुक्रबार सयुक्त रूपमा आयोजना गरेको 'मिडियामा सूचनाको हकको प्रयोगः अभ्यास र चुनौती' विषयक अन्तरक्रियामा उहाँले बुझाएका सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो।

"मन्त्रीहरूको सम्पत्ति विवरण लिने तर सार्वजनिक नगर्ने अभ्यास रैछ, तर सार्वजनिक गर्दा राम्रो हुन्छ", उहाँले भन्नुभयो, "मन्त्रिपरिषद्का निर्णयहरू सबै सार्वजनिक गर्ने गरेका छौं।"

सबैलाई समान अवसर प्राप्त हुनुपर्ने र पारदर्शी पनि हुनुपर्ने उल्लेख गर्दै उहाँले मुलुकको अर्थतन्त्र सही ढङ्गले अगाडि बढाउन पनि सही सूचनाको जरुरी हुने स्पष्ट पार्नुभयो। सूचनाको हक पत्रकारका लागि मात्र नभएर सबैका लागि भएको उल्लेख गर्दै मन्त्री खनालले थप्नुभयो, "पत्रकारले भन्दा पनि गैरपत्रकारले सूचनाको हक प्रयोग गरी सूचना लिएर दुरूपयोग गरेकासमेत पाइएको छ, सही सूचना नागरिकमा पुर्‍याउनसके मात्र नागरिक सूसुचित हुन्छन्।"

अर्थमन्त्री खनालले मुलुकको अर्थतन्त्र सही ढङ्गले चल्न सही सूचना जरुरी हुने र व्यवसाय र आर्थिक काम गर्दा समान अधिकार दिन सूचना सार्वजनिक अनिवार्य भएको बताउनुभयो ।प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार आचार्यले सूचनाको हक कार्यान्वयनका लागि काउन्सिलले निरन्तर काम गरिरहेको र यस विषयमा थप सरोकारवालाबीच छलफल गरेर अगाडि बढ्न सकिने बताउनुभयो।

प्रमुख सूचना आयुक्त डा सुरेश आचार्यले सूचना माग्दा नपाएका विषय मात्रै पुनरावलोकनका लागि आयोगमा आउने गरेको र आयोगले संविधानसँग बाँझिएका सूचनाको हकसम्बन्धी कानुनको संशोधन गर्ने काम गरिरहेको जानकारी दिनुभयो । उहाँले सूचनाका हकको प्रयोग गरेर सूचना माग्ने र त्यसको दुरूपयोग गर्ने परिपाटी देखिएको भनाइ राख्नुभयो।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला आचार्यले सूचनाको हकको प्रयोगको अवस्था, सही रूपमा प्रयोग भइरहेको वा नभएको सबैलाई जानकारी लिने, गलत र मिथ्या सूचनालाई न्यूनीकरण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो। सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले दिन नखोजेका सूचना माग्ने र नमागीकन सूचना सार्वजनिक गरेमा पारदर्शिता प्रवर्द्धन सहयोग पुग्ने र गलत सूचना प्रवाहमा रोकिने बताउनुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहालले ८० प्रतिशत सूचना स्वतन्त्र खुला रूपमा पाउनुपर्ने र २० प्रतिशत लुकाउन खोजिएका सूचना मात्र माग्नुपर्नेमा जोड दिँदै पत्रकारले लुकाएका सूचना खोजेर नागरिकलाई सूसुचित गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा वरिष्ठ पत्रकार एकराज पाठकले 'सूचनाको हक, मिडिया र अभ्यास' विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचना गोप्य राख्ने संस्कृति हुँदाहुँदै पनि सूचना माग्ने अभ्यास बढ्दै गएको बताउनुभयो । प्रस्तुतीमा सूचना माग्ने अभ्यास न्यून भएको, जनता जनगाउन नसकिएको, अनियमितता खोल्न नसकेको, भ्रष्टाचारविरुद्धको औजार बन्न नसकेको, यति तथ्याङ्क राख्ने व्यवस्था नभएको र तथ्यमा आधारित खोज पत्रकारिता पनि पर्याप्त नभएको उल्लेख गर्नुभएको छ।

कार्यपत्रमा सूचनाको हकको प्रयोगका अवस्थालाई हेर्दा पुनरावेदनमा आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा ४२ दशमलव २१ प्रतिशत, शिक्षा, स्वास्थ्य तथा खेलकुदमा २१ दशमलव १० प्रतिशत, प्रशासनमा १५ दशमलव २० प्रतिशत रहेको र बैंक तथा वित्तीय संस्थामा ७ दशमलव ७३ प्रतिशत परेको छ ।रासस

# राष्ट्रियसभा १९औँ अधिवेशनमा महत्त्वपूर्ण काम गर्न सफल भयौँ : अध्यक्ष दाहाल



काठमाण्डु । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले जेनजी आन्दोलनपछिको विषमपूर्ण राजनीतिक परिस्थिति र छोटो समयका बाबजुद पनि १९औँ अधिवेशनले महत्त्वपूर्ण काम गर्न सफल भएको बताउनुभएको छ।

शुक्रबार बसेको राष्ट्रियसभाको बैठकमा अध्यक्ष दाहालले यो अधिवेशन समयका हिसाबले निकै छोटो तर कामका हिसाबले महत्त्वपूर्ण र भविष्यमा पनि गर्व गर्न लायक रहेको बताउनुभयो । राष्ट्रियसभाको १९औँ अधिवेशनको पहिलो बैठक गत माघ ४ गते बसेको थियो। जम्मा २७ दिन चालु रहेको यो अधिवेशनमा नौवटा बैठक बसी १७ घण्टा २५ मिनेट समयसभाका काममा व्यतित गरेको अध्यक्ष दाहालले बताउनुभयो।

यो अधिवेशनमा सात वटा बैठकका शून्य समयमा २९ जना सदस्यले ४८ मिनेट र तीन वटा बैठकका विशेष समयमा १५ जना सदस्यले तीन घण्टा ३९ मिनेट समय उपयोग गरेको उहाँले बताउनुभयो। यो अधिवेशनमा एउटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो।

अध्यक्ष दाहालका अनुसार यो अवधिवेशनमा 'अभौतिक प्राकृतिक सम्पदा संरक्षण विधेयक २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने पर्यटन विधेयक २०८१, चलचित्र विधेयक २०८१ र राष्ट्रिय विधिविज्ञान प्रयोगशाला स्थापना, सञ्चालन विधेयक २०८१ लाई पारित गरी प्रतिनिधिसभामा पठाइएको छ। यसबीचमा सरकारले सामाजिक सञ्जाल विधेयक २०८१ फिर्ता लिएको छ।

त्यस्तै, मतदाता नामावली ऐन २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश २०८२, प्रतिनिधिसभा सदश्य निर्वाचन पहिलो संशोधन अध्यादेश २०८२ र नेपाल विशेष सभा ऐन दोस्रो संशोधन अध्यादेश सभामा पेस भई सर्वसम्मत स्वीकृत भइसकेको छ।सरकारलाई संसद्प्रति जवाफदेही बनाउन कानुन, न्याय तथा संसदीय मामिला, सङ्घीय मामिला तथा सामान्य प्रशासन र अर्थ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम सञ्चालन भएको उहाँले जानकारी दिनुभयो । यसबीचमा गण्डकी प्रदेशबाट निर्वाचित राष्ट्रियसभा सदस्यहरू नारायणकाजी श्रेष्ठ, भगवती न्यौपाने र राष्ट्रपतिबाट मनोनित वामदेव गौतमले लिखित राजिनामा गर्नुभएको तथा सुदूरपश्चिमबाट निर्वाचित बलदेव बोहराको निधन भएको जानकारी पनि अध्यक्ष दाहालले बताउनुभयो ।समयका हिसाबले छोटो समय चले पनि ऐतिहासिक रूपमा काम गर्न सकेको बताउनुभयो । राजनीतिक अन्योलताका बीच महत्वपूर्ण काम गर्न सकिएको उहाँले उल्लेख गर्नुभयो।

शुक्रबारको बैठकमा दलीय आधारमा बोल्ने क्रममा सांसदहरूले यही फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष हुनुपर्ने धारणा राख्नुभएको छ । सुरक्षा संयन्त्रलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्न पनि सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।

दलीय रूपमा आफ्नो धारणा राख्नेक्रममा डा वेदुराम भुसालले राष्ट्रियसभाको चालु अधिवेशनमा तीन विधेयक पारित, तीन अध्यादेश स्वीकृत र एउटा विधेयक छलफलका लागि समितिमा पठाइएको बताउनुभयो। चार वटा अध्ययन प्रतिवेदन प्रस्तुत भएको र तीमध्ये तीन वटामा राष्ट्रियसभामा छलफल भएको जानकारी दिनुभयो। यही फागुन २१ गतेका लागि तय भएको चुनाव कस्तो वातावरणमा हुँदैछ भन्ने प्रश्न उठिरहेको बताउनुभयो। निष्पक्ष र भयमुक्त वातावरणमा चुनाव हुन्छ वा हुँदैन ? भनेर प्रश्न उठिरहेको बताउनुभयो। सरकार यसमा गम्भीर हुन पनि उहाँले सदनमार्फत ध्यानाकर्षण गराउनुभयो।


सांसद कृष्णबहादुर रोकायले राष्ट्रियसभाको चालु अधिवेशनमा नौ वटा बैठक बसेको र महत्त्वपूर्ण काम गर्न सकिएको बताउनुभयो । राष्ट्रियसभा अन्तर्गतका समितिबाट पनि उल्लेख्य काम भएको उहाँको भनाइ छ। समितिबाट महत्त्वपूर्ण अध्ययन भई प्रतिवेदन तयार पारिएको र विधेयक माथि पर्याप्त छलफल भएको पनि सांसद रोकायले दाबी गर्नुभयो। फागुन २१ गतेको निर्वाचन शान्तिपूर्ण रूपमा तोकिएको समयमै सम्पन्न हुन्छ वा हुँदैन ? र निर्वाचनको परिणामले मुलुकका विद्यमान समस्याबाट निकास दिन्छ वा दिँदैन भन्नेजस्ता अझै बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो।

सांसद गोपाल भट्टराईले पनि निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्नेमा जोड दिनुभयो। जेनजी प्रदर्शन पछि सुरक्षा निकायको मनोबल कमजोर भएको उल्लेख गर्नुहुँदै उहाँले आन्दोलनका क्रममा लुटिएका हातहतियार र कारागारबाट भागेका कैदीहरू नियन्त्रणमा आउन नसकेका कारण पनि सुरक्षा चुनौती रहेको बताउनुभयो। निर्वाचन आचारसंहिताविपरीत समाज कल्याण परिषद्का कर्मचारी हटाइएको विषय पनि उहाँले सदनमा उठाउनुभयो।

सांसद तुलप्रसाद विश्वकर्माले राष्ट्रियसभाको १९औँ अधिवेशनमा छोटो समयमा महत्त्वपूर्ण काम गर्न सकिएको बताउनुभयो। देशको परिस्थिति अन्योलपूर्ण अवस्थामा चुनावमा जानुपर्ने बाध्यता अहिले रहेको पनि उहाँले बताउनुभयो । शान्तिसुरक्षा कायम गर्न सरकार दत्तचित्त भएर लाग्नुपर्ने पनि सांसद विश्वकर्माको धारणा थियो । जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडमा संलग्नलाई कारबाही हुन नसकेको विषय पनि उहाँले उठाउनुभयो।

शुक्रबारको बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त अधिवेशन अन्त्यसम्बन्धी पत्र पढेर सुनाउनुभएको छ। राष्ट्रियसभाको १९औँ अधिवेशन शुक्रबार राति १२:०० बजेदेखि अन्त्य हुँदैछ ।रासस

# निर्वाचनबारे राससका पत्रकारलाई अभिमुखीकरण



काठमाण्डु। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस)ले आफ्ना सञ्चारकर्मीका लागि शुक्रबार अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

राससको ६५औँ वार्षिकोत्वसका अवसरमा रासस केन्द्रीय कार्यालय भद्रकालीमा आयोजित सो अभिमुखीकरणको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उद्धाटन गर्नुभएको थियो। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित रूपमा सम्पन्न गर्ने मामिलामा आयोग र राससको उत्तिकै दायित्व रहेको बताउनुभयो।

अभिमुखीकरण कार्यक्रममा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचन आचारसंहिताबारे प्रस्तुतिकरण गर्नुभयो। उहाँले आचारसंहिताको अनुगमन भइरहेको र उल्लङ्घन भएको पाइएमा कारबाही हुने उल्लेख गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले निर्वाचनको राष्ट्रिय दायित्वबोध गर्दै राससले अभिमुखीकरण आयोजना गरेको बताउनुभयो। उहाँले पत्रकारले निष्पक्ष रूपमा सन्तुलित समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले स्वतन्त्र रूपमा पुष्टि हुने, आक्षेप लागेका पक्षका भनाइ समावेश गर्ने र सबै उम्मेदवारलाई समान व्यवहार गर्नुपर्ने बताउनुभयो।

राससका महाप्रबन्धक सन्दीप राईले स्वच्छ, निष्पक्ष र स्वतन्त्र निर्वाचनका लागि पत्रकारिताले आफ्नोतर्फबाट योगदान दिनसक्ने बताउँदै त्यसका लागि रासस उदाहरणीय सावित हुने जनाउनुभयो। कार्यक्रमको सहजीकरण राससका निर्वाचन डेस्क प्रमुख एकराज पाठकले गर्नुभएको थियो ।रासस

# 'मतदातालाई सचेत बनाउन आमसञ्चारमाध्यम र पत्रकारको भूमिका महत्त्वपूर्ण'

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनसम्बन्धी समाचार सम्प्रेषण गरेर मतदातालाई सचेत बनाउन आमसञ्चारमाध्यम र पत्रकारको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ।

निर्वाचन आयोगले शुक्रबार आयोजना गरेको 'निर्वाचन र आमसञ्चार विषयक कार्यशाला गोष्ठी एवं मुख्य प्रशिक्षक प्रशिक्षण' कार्यक्रममा उहाँले मतदातालाई सचेत बनाउन गरिएका विभिन्न कार्यक्रममध्ये यो पनि एक महत्त्वपूर्ण रहेको बताउनुभयो । निर्वाचनसम्बन्धी सत्य, तथ्य समाचार सम्प्रेषण गर्न कार्यक्रमले सहयोग गर्ने उहाँले व्यक्त गर्नुभयो।

आयोगले यसअघि बनाएको कार्यतालिकाअघि निर्वाचन सामग्री आयोगमा आएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले जानकारी दिनुभयो। निर्वाचन सामग्री जिल्ला-जिल्लामा जान थालिसकेकाले मतदान अधिकृतले तालिम लिनुअघि निर्वाचन सामग्री बुझेर जाने वातावरण यसबाट बनेको उहाँले उल्लेख गर्नुभयो।

"अहिले निर्वाचनको सङ्लो र स्वच्छ वातावरण बनेको छ, यसलाई धमिलो बनाउने काम कसैले पनि गर्नु हुँदैन। मुलुकलाई अप्ठ्यारो अवस्थाबाट चलायमान बनाउने माध्यम पनि निर्वाचन हो। फागुन ४ गतेपछि राजनीतिक दल र उम्मेदवारले प्रचारप्रसार गर्ने समय तोकिएकाले निर्वाचन आचारसंहिता उल्लङ्घन धेरै हुनसक्ने समय पनि यही हो, त्यसैले यो बेला आमसञ्चारमाध्यम र पत्रकार पनि सचेत हुनुपर्छ", कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो।

राष्ट्रिय वा अन्तरराष्ट्रिय पर्यवेक्षकले नकारात्मक सोच राखेर काम गरे भने त्यससम्बन्धी समाचार सम्प्रेषण गरेर खबरदारी गर्न पनि उहाँले अनुरोध गनुभयो। यो वर्ष निर्वाचनको ठिकअघि साढे नौ लाख मतदाता थपिएका प्रसङ्ग उल्लेख गर्दै उहाँले विगतका निर्वाचनअघि यतिको सङ्ख्यामा मतदाता थपिएको इतिहास नभएको जानकारी दिनुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले लोकतन्त्र र निर्वाचन एकअर्काका पूरक भएकाले आममतदातालाई निष्पक्ष, तटस्थ सूचना प्रवाह गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने विश्वास गरिएको बताउनुभयो । निर्वाचनका समयमा हुने विभिन्न किसिमका बहसलाई प्रभावित गर्ने माध्यम पनि आमसञ्चारमाध्यम भएकाले 'वाचडग'को भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो।



> निर्वाचनका विषयमा हुनसक्ने नकारात्मकता घटाएर विश्वसनीय रूपमा निर्वाचन सम्पन्न गराउन आमसञ्चारमाध्यम र पत्रकारले भूमिका खेल्नुपर्ने सचिव राउतको भनाइ छ ।

निर्वाचनका विषयमा हुनसक्ने नकारात्मकता घटाएर विश्वसनीय रूपमा निर्वाचन सम्पन्न गराउन आमसञ्चारमाध्यम र पत्रकारले भूमिका खेल्नुपर्ने सचिव राउतको भनाइ छ। सही सूचना नपाउँदा आममानिस भ्रम र गुमराहमा पर्ने भएकाले आमसञ्चारमाध्यम एवं पत्रकारले सकारात्मक भएर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

राष्ट्रिय समाचार समिति (रासस)का अध्यक्ष धर्मेन्द्र झाले उन्नत लोकतन्त्रका लागि उन्नत निर्वाचन प्रणाली आवश्यक पर्ने भएकाले मतदातालाई मतदान केन्द्रसम्म ल्याउने वातावरण बनाउन आमसञ्चारमाध्यम र पत्रकारको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । निर्वाचन सम्पन्न गरी मतगणना गरेर परिणाम सार्वजनिक नभएसम्म सञ्चारमाध्यम र पत्रकारले यसलाई पछ्याउनुपर्ने उहाँले बताउनुभयो।

बहुदलीय लोकतान्त्रिक शासन व्यवस्थामा पत्रकारसँग राजनीतिक विचार भए पनि निर्वाचनका बेला दलगत रूपमा प्रस्तुत नभई निर्वाचनलाई स्वच्छ बनाउन भूमिका खेल्नुपर्ने अध्यक्ष झाको भनाइ छ ।प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार शर्मा आचार्यले पत्रकारले समाचार लेख्ने बेलामा जसका विषयमा समाचार लेखिँदैछ, ती मानिसको स्थानमा बसेर चिन्तन गरे पत्रकारिता क्षेत्रमा आउने धेरै समस्या समाधान भएर जाने विश्वास व्यक्त गर्नुभयो। परिस्थिति बदलिँदा पनि अन्य क्षेत्रजस्तै पत्रकारिता क्षेत्रको पनि मनस्थिति नबदलिएकाले यस क्षेत्रमा केही समस्या रहेको उहाँको विचार थियो । सामाजिक सञ्जालले धेरै बिगार्दैछ भन्ने थाहा हुँदाहुँदै सुधारका काम नभएको अध्यक्ष आचार्यले बताउनुभयो। दृश्य बदल्न दृष्टिकोण बदल्नुपर्नेमा उहाँले जोड दिनुभयो।

आयोगका निर्वाचन व्यवस्थापन महाशाखा प्रमुख राजेन्द्रकुमार केसीले निर्वाचनमा मत खसाल्न जाने मतदाताको सङ्ख्या वृद्धि गर्न यो कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । पत्रकारले आमसञ्चारमाध्यमबाट पठाउने समाचारले विगत निर्वाचनको तुलनामा सदर मत सङ्ख्या बढाउने उहाँले बताउनुभयो। यस्ता कार्यक्रमबाट गलत, भ्रामक र द्वेषपूर्ण सूचना एवं समाचार घटाउने आशा गरिएको उहाँले उल्लेख गर्नुभयो ।रासस

# प्रतिनिधिसभा निर्वाचन : १३३ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न

काठमाण्डु। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६३ जिल्लाका १३३ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

शुक्रबारसम्म एक करोड ७१ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले राससलाई जानकारी दिनुभयो । हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्तापश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुमपूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्तापूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट र काभ्रेपलाञ्चोक गरी ६३ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो।

अब काठमाडौँ उपत्यका वरपरका १४ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी छ । तीन दिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको सहायक प्रवक्ता न्यौपानेले बताउनुभयो। छापिएका जिल्लाको मतपत्र प्याकिङ भइसकेको छ। हालसम्म १५ हजार ३७१ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लाहरूमा पठाइसकिएको आयोगले जनाएको छ।



दोस्रो चरणमा दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी गरिएको आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । त्यसैगरी छपाइ सम्पन्न भएको मतपत्र आजैदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ। आयोगले आज कर्णाली प्रदेशका सल्यान, रुकुमपश्चिम, डोल्पा, मुगु, हुम्ला, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो ।रासस

# बाङ्लादेशमा प्रधानमन्त्री बन्न लागेका रहमान जसले 'राजनीति नगर्ने' सर्त मानेका थिए

**बीबीसी**

काठमाण्डु । बाङ्लादेशमा भर्खरै सम्पन्न निर्वाचनमा बाङ्लादेश न्याशनलिस्ट पार्टीले बहुमत हासिल गरेपछि उक्त मध्यदक्षिणपन्थी दलका नेता तारिक रहमान नयाँ प्रधानमन्त्री बन्ने देखिएको छ। उनी ६० वर्षका भए।

बाङ्लादेशको राजनीतिमा सुरुदेखि नै प्रभावशाली रहँदै आएको जिया-रहमान परिवारका उनी सदस्य हुन्। उनका बुवा र आमा दुवै बाङ्लादेशको राजनीतिमा सक्रिय थिए। बुवा जियाउर रहमान राष्ट्रपति थिए भने उनको हत्यापछि राजनीतिमा पाइला टेकेकी आमा बेगम खालेदा जिया पछि देशकै प्रथम महिला प्रधानमन्त्री बनिन्।

रहमानको राजनीतिक यात्रा त्यति सहज थिएन। उनले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूले लगाएका नातावाद र भ्रष्टाचारका आरोपहरू खेप्नुपरेको थियो, देश छोडेर निर्वासन बस्नुपरेको थियो र पिताको हत्या भएपछि युवावस्थामा ठूलो चोट खेप्नुपरेको थियो। रहमान सन् २००१ मा बीएनपीमा सक्रिय भए। तर अहिले निर्वाचन हुनुभन्दा केही साताअघि आमा खालेदा जियाको मृत्यु भएपछि उनी उक्त दलको अध्यक्ष बन्न पुगे।

रहमान बीएनपीमा सक्रिय हुँदा खालेदा जिया भर्खर दोस्रो पटक प्रधानमन्त्री बनेकी थिइन्। त्यसअघि उनी सन् १९९१ देखि १९९६ सम्म प्रधानमन्त्री थिइन्। सन् १९८१ मा बाङ्लादेशमा सेनाले गरेको सत्तापलटमा राष्ट्रपति जियाउर रहमानको हत्या भएको थियो।उनी बाङ्लादेशको मुक्तिसङ्ग्राममा सहभागी एक महत्त्वपूर्ण नेता थिए। उनले नै सन् १९७८ मा बीएनपी स्थापना गरेका थिए। आमाबुवाको पदचिह्न अनुसरण गर्दै राजनीतिमा सक्रिय भएका तारिक रहमान सन् २००२ मा पार्टीको वरिष्ठ पदमा नियुक्त भए। बीएनपीमा उनको उदयलाई विपक्षीहरूले "लज्जास्पद नातावाद"को सङ्ज्ञा दिए। यद्यपि पार्टीभित्र उनले आफूलाई पार्टी अनुशासन कायम गराउने "कडा कार्यकर्ता" को रूपमा स्थापित गराए।

विगतमा रहमानमाथि शक्ति दुरुपयोग गरेर व्यक्तिगत लाभ लिएको आरोप लागेको छ। तर उनले भ्रष्टाचारका आरोपको खण्डन गर्दै आएका छन्। समर्थकहरू विपक्षीहरूले रहमानलाई राजनीतिक दुराशाय राखेर प्रताडित गरेको दाबी गर्छन्। सन् २००७ मा सेनाको समर्थनप्राप्त अन्तरिम सरकारले उनलाई भ्रष्टाचारको आरोपमा पक्राउ गऱ्यो। आफूलाई मुद्दाको सुनुवाइ सुरु हुनुअघि यातना दिइएको दाबी उनले गरे। जेलमा १८ महिना बिताएपछि उनी रिहा भए र त्यसपछि लन्डन गए।त्यतिबेला प्रकाशित समाचारका अनुसार राजनीति परित्याग गर्ने वाचा गरेपछि उनलाई बाङ्लादेश छोड्ने अनुमति दिइएको थियो। तारिक रहमान १७ वर्ष स्वदेश फर्किएनन्।

तर विदेशमा भए पनि उनले बीएनपीको रणनीति र नीति निर्माणमा सहभागी भए। सन् २०१८ मा बेगम खालेदा जियालाई कारागार पठाइएपछि उनी पार्टीको कार्यवाहक अध्यक्ष बने।

शेख हसिनाको शासनकालमा रहमानमाथि विभिन्न आपराधिक अभियोगमा अनुसन्धान भयो।उनको



अनुपस्थितिमा चलेका विभिन्न मुद्दाहरूमा उनी दोषी ठहर भए र उनीविरुद्ध विभिन्न सजाय सुनाइयो।तीमध्ये सन् २००४ मा एउटा राजनीतिक ऱ्यालीमा ग्रिनेड प्रहार भएको घटनामा पनि उनको संलग्नता भएको फैसला आयो। तर पछि ती अभियोगहरूबाट उनले सफाइ पाए।उनी २५ डिसेम्बर २०२५ मा स्वदेश फर्किए। त्यसको पाँच दिनपछि उनकी आमाको देहावसान भयो।

त्यसपछि ९ ज्यानुअरीमा उनले आधिकारिक रूपमा पार्टीको नेतृत्व सम्हाले। विश्लेषकहरू बीएनपीमा उनको उदयलाई अवश्यम्भावी ठान्छन्। उनले फेरि नातावादको आरोप खेपे। बीएनपीका नेता तथा भूतपूर्व वाणिज्यमन्त्री अमिर खस्रु त्यस्तो आरोप अर्थहीन भएको ठान्छन्। "तपाईंको सम्बन्ध कुनै वंशसँग छ कि छैन भन्ने कुरा अप्रासङ्गिक हो," उनले बीबीसीसँग भने।हसिनाको शासनकालमा बीएनपी निकै दमनमा परेको हुनाले जिया परिवारबाहिरबाट पार्टी हाँक्न सक्ने नेता खोज्न सक्ने सम्भावना नै नभएको उनको तर्क छ।

यद्यपि धेरै विश्लेषक रहमानको वास्तविक परीक्षा अब सुरु भएको र उनले पार्टी तथा देशको नेतृत्व कसरी गर्छन् भन्ने हेर्नुपर्ने धारणा राख्छन्।"रहमानले राजनीतिका अँध्यारा कुना देखेका छन्, देशमा द्वन्द्व र प्रतिशोधको राजनीति पनि भोगेका छन्। आफ्नो राजनीतिक विवेक प्रयोग गरेर उनी पार्टीको नेताबाट देशको नेता बन्न सक्छन् कि सक्दैनन् भन्ने कुरा चाहिँ हेर्न बाँकी छ," राजनीतिक विश्लेषक मोहिउद्दिन अहमदले बीबीसीसँग भने।बाङ्लादेशमा जेन जी आन्दोलनपछि भएको निर्वाचनमा बीएनपीलाई दुईतिहाइ बहुमत

बाङ्लादेशमा सम्पन्न निर्वाचनमा बाङ्लादेश न्याशनलिस्ट पार्टी (बीएनपी) ले दुईतिहाइ बहुमत हात पारेको छ।

तर प्रतिद्वन्द्वी दल जमात-ए-इस्लामीले मतपरिणामबारे प्रश्न उठाएको छ। उसले "अनौपचारिक परिणाम घोषणा हुँदा एकरूपता कायम नभएको र बढाइचढाइ भएको पटकपटक देखिएको" दाबी गरेको छ।संसद्का ३०० सीटका लागि भएको मतदानमा बीएनपीले कम्तीमा २०९ स्थानमा जित हासिल गरेको निर्वाचन आयोगले जनाएको छ। यो विजयले पूर्वराष्ट्रपति जियाउर रहमान र पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानलाई प्रधानमन्त्री बन्ने बाटो खोलिदिएको छ। "मतपरिणामसँग सम्बन्धित प्रक्रियाप्रति हामी असन्तुष्ट छौँ," उक्त दलले एउटा विज्ञप्तिमा भनेको समाचारसंस्था एएफपीले जनाएको छ।

यद्यपि बाङ्लादेशको निर्वाचन आयोगले मतपरिणाम "निष्पक्ष र विश्वसनीय" भएको दाबी गरेको छ। "समग्रमा सबैको सहकार्यमा हामी स्वीकार्य निर्वाचन गराउन सफल भयौँ," सबै मतदाता, नेता र सञ्चारकर्मीहरूलाई धन्यवादज्ञापन गर्दै प्रमुख निर्वाचन आयुक्त नासिर उद्दिनले भने। निर्वाचन आयोगका अनुसार बिहीवार भएको चुनावमा ५९.४४ प्रतिशत मतदाता सहभागी भएका थिए।बीएनपीले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई "विजय जुलुस" ननिकाल्न बरु "शान्ति, स्थिरता र बाङ्लादेशको भविष्यको मार्गदर्शनका लागि" प्रार्थना गर्न आह्वान गरेको छ।

सन् २०२४ मा बाङ्लादेशमा तात्कालिक प्रधानमन्त्री शेख हसिना सत्ताच्युत हुने गरी भएको आन्दोलनपछि गठित अन्तरिम सरकारले अहिले निर्वाचनमा गराएको हो। यो निर्वाचनमा सहभागी हुने १७ वर्ष निर्वासनमा बसेका तारिक रहमान स्वदेश फर्किएका थिए। अहिलेको मतपरिणामबाट जमात पहिलो पटक संसद्मा दोस्रो दलका रूपमा उदाएको छ।बिहीवार रातिसम्म जमातले आफ्नो पक्षमा बहुमत आउने दाबी गर्दै आएको थियो। तर आफूले सोचे जस्तो परिणाम नआएपछि जमात-ए-इस्लामीले आफ्ना समर्थकहरूलाई धैर्य राख्न आह्वान गरेको छ।

मतगणाको अन्तिम परिणाम शुक्रवार अबेरसम्म आइपुग्ने अपेक्षा गरिएको छ।हसिनाको अवामी लीग पार्टीलाई भने चुनाव लड्न प्रतिबन्ध लगाइएको थियो। उक्त दलले निर्वाचन बहिष्कार गर्न आह्वान गरेको थियो। बीएनपी बहुमततिर उन्मुख भएको देखिने गरी परिणाम आएपछि छिमेकी देश भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले दुई देशबीचको बहुआयामिक सम्बन्ध सुदृढ पार्न र विकासका साझा लक्ष्यहरू अगाडि बढाउन आफू आफू तारिक रहमानसँग सहयकार्य गर्न तयार भएको सन्देश दिएका छन्।

चीनले पनि "निर्बाध र सफल" निर्वाचन भएकोमा बाङ्लादेशलाई र अग्रस्थानमा रहेकोमा बीएनपीलाई बधाई दिएको छ।"लोकतान्त्रिक, प्रगतिशील र समावेशी बाङ्लादेशको समर्थनको पक्षमा भारतले निरन्तर रहन्छ," मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्।

उनले "बीएनपीको विजयले बाङ्लादेशी जनताको विश्वास पार्टी नेता तारिक रहमानको नेतृत्वमा रहेको देखाएको उल्लेख गरेका छन्। ढाकास्थित चिनियाँ दूतावासले बाङ्लादेश सहकार्य गर्न र दुई देशको सम्बन्धमा "नयाँ अध्याय" थप्न चीनले चाहेको फेसबुकमा लेखेको छ।केही वर्षदेखि भारत र बाङ्लादेशबीचको सम्बन्ध चिसिँदै गएको थियो। हसिनाले भारतमा शरण लिएपछि दुई देशबीच कूटनीतिक तनाव चुलिएको थियो।बीएनपीका वरिष्ठ नेता अमिर खस्रु महमुदले आफ्नो पार्टीको नेतृत्वमा बन्ने सरकारले "पारस्परिक सम्मान, पारस्परिक हित अनि हस्तक्षेपरहित रणनीतिक स्वायत्तताका आधारमा अरू देशसँग सम्बन्ध राख्ने बताएका छन्।

बाङ्लादेशा धेरै मानिस शेख हसिनाको तानाशाही शासनलाई भारतले सहयोग गरेको ठान्छन्। बीबीसी बाङ्लाका अनुसार जनमतसङ्ग्रहतर्फ ६५ प्रतिशत मतदाता 'जुलाई बडापत्र' अपनाउने पक्षमा उभिएको देखिएको छ।जुलाई बडापत्रमा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वको अन्तरिम सरकारले सुझाएको ८४ वटा सुधारको प्रस्ताव समावेश छ जसले बाङ्लादेशमा कसरी शासन गरिने छ भन्ने ढाँचा प्रस्तुत गर्छ।

पूर्ण रूपमा बिथोलिएको राजनीतिक प्रणालीलाई ठिक गर्न अन्तरिम सरकारले प्रस्ताव गरेको संवैधानिक परिवर्तनको बारेमा जनमत सङ्ग्रहमा पनि मतदाताहरू सहभागी भएका थिए। सरकारी स्वामित्वको बीएसएस समाचारसंस्थाका अनुसार जनमतसङ्ग्रहतर्फ शुक्रवार बिहानसम्मको गणनामा अधिकांश मतदाताले उक्त प्रस्तावको पक्षमा मतदान गरेको देखिएको छ।जनमतसङ्ग्रहको केन्द्रमा समानुपातिक प्रतिनिधित्वमार्फत् निर्वाचित १०० सदस्यीय माथिल्लो सदनको निर्माण गर्नु रहेको छ। रहमान प्रभावशाली जिया परिवारका वरिष्ठ सदस्य हुन्। अहिले उनी ६० वर्षका भए।सन् २००८ यता लन्डनमा बस्दै आएका रहमान यो निर्वानअघि गत डिसेम्बरमा स्वदेश फर्किएका थिए।

शेख हसिनाको अवामी लीग पार्टी सत्तामा हुँदा उनीमाथि विभिन्न अपराध गरेको अभियोगमा अनुसन्धान गरिएको थियो।तर हसिनाको शासन पतन भएपछि उनलाई सबै अभियोगमाथिका सबै अभियोगहरू फिर्ता गरिएको छ। सन् २०२४ मा भएका युवा नेतृत्वका प्रदर्शनले हसिना नेतृत्वमा १५ वर्षदेखि बढ्दो रूपमा अधिनायकवादी बनिरहेको शासनको अन्त्य गराएको पृष्ठभूमिमा अहिले निर्वाचन भएको भएको हो।उक्त विद्रोहका क्रममा ४६ दिनमा कम्तीमा १,४०० प्रदर्शनकारीहरूको मृत्यु भएको थियो। आन्दोलन चर्किएपछि भारत पलायन भएकी शेख हसिनामाथि प्रदर्शनकारीहरूलाई दमन गर्न सोझै आदेश दिएको आरोप लागेको थियो।

तर उनले त्यो अस्वीकार गर्दै आएकी छन् । गत नोभेम्बरमा बाङ्लादेशको एउटा अदालतले मानवताविरुद्धको अपराध भएको ठहर गर्दै हसिनालाई मृत्युदण्डको सजाय सुनाएको थियो । हसिना देश छाडेर भागेदेखि नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकारले बाङ्लादेशको नेतृत्व गर्दै आएको छ । बिहीवारको निर्वाचनले बाङ्लादेशका लागि प्रतिनिधि शासनको नयाँ युगको आरम्भ गर्ने धेरैको आशा छ ।

## टी२० विश्वकप:

# संसारभरबाट आएका नेपाली

**बीबीसी**

काठमाण्डु । विश्वकप हेर्न लन्डनबाट मुम्बई आएका विनोद विकास सिम्खडाले नेपाल र इङ्ल्यान्डबीचको खेल हेर्दा दुई वटै देशको राष्ट्रिय गान गाए।काठमाण्डू घर भएका तर अहिले लन्डनमा स्थायी बसोबास गर्ने विनोदसँग उक्त खेलका लागि 'मिश्रित भावना' थियो।तर खेलमा भने उनले नेपालको जितको कामना गर्दै हेरे। उनले बीबीसीसँग भने, " मेरो चाहना भनेको नेपालले हरेक प्रतिद्वन्द्वीलाई जितोस् भन्ने नै हो। नेपाल छैन भने मात्र इङ्ल्यान्ड अगाडि बढोस् भन्ने सोच्ने गर्छु।"

विनोद त्यस्ता नेपाली क्रिकेट समर्थक हुन् जसले नेपालले खेलेको सुरु देखिका सबै अन्तर ष्ट्रिय खेल हेरेका छन्। नेपालले सन् २०१४ मा बाङ्लादेशमा खेलेको विश्वकपदेखि मुम्बई सम्मका तीन वटै विश्वकपमा उनी प्रत्यक्षदर्शी थिए। नेपालले पहिलो पटक सन् २०१८ मा नेदरल्यान्ड्समा एक दिवसीय क्रिकेट खेल्दा होस् वा श्रीलङ्कामा एसिया कप खेल्दा उनी जहाँ पनि पुग्न छुटाएका छैनन्।

नेपाली क्रिकेटका पक्का समर्थक उनी भन्छन्, "मलाई नेपालीको अन्तर्राष्ट्रिय क्रिकेट र म सँगसँगै हुर्के जस्तो लाग्छ। नेपाली क्रिकेटले राम्रो गर्दै गए म पनि पछि पछि लाग्दै आएको छु। मैले नेपाली क्रिकेटको विकास क्रम नजिकबाट अनुभव गर्ने मौका पाएँ।"उनी यसपालि पनि लन्डनबाट दुई दर्जनको टोली बनाएर मुम्बई आएका छन्। उनीसँगै आएका नीराजन राज लवत दोस्रो खेलको प्रदर्शनपछि अलिकति निराश देखिए।उनले भने, " जुन हिसाबले इङ्ल्यान्डसँग खेल्दा नेपालले फड्को मारेको जस्तो लागेको थियो। इटलीसँग हारेपछि पुनः धरातलमा पुगे जस्तो भयो। अन्तिम १० ओभरमा स्टेडियम नै छोड्न मन लागेको थियो।"

वानखेडे रङ्गशालामा बसेर खेल हेरिरहँदा उनले नेपाली समर्थकको समर्थन शैलीमा पनि विकास गर्ने सोच बनाएको बताए।उनले भने, " टोलीको समर्थनमा सबै दर्शक मिलेर एउटै शैलीको गीत गाउने र खेलाडीको हौसला बढाउनु जरुरी छ। नेपाली फ्यान रङ्गशालाभरि छन्। सबैले एउटै स्वरमा गीत गाउन पाएको भए कति मज्जा हुन्थ्यो। अब हामी यसमा काम गर्छौं" इङ्ल्यान्डविरुद्धको खेलमा १७ हजार र इटलीसँगको खेलमा साढे १३ हजार दर्शक वानखेडेमा उपस्थित भएका बताइएको छ।

त्यसमा अधिकांश दर्शक नेपालबाटै आएका थिए भने भारतमा रहेका नेपालीहरू र अन्य थुप्रै देशबाट समर्थक ओइरिएका थिए।फेब्रुअरी १४



को प्रेम दिवसको अवसरलाई सदुपयोग गर्दै थुप्रै जोडीहरू पनि रङ्गशालामा देखिएका थिए। पुरै परिवारका साथ आएकाहरू पनि धेरै भेटिए।नेपाली फ्यानले पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसीसीदेखि थुप्रै देशलाई आकर्षित गरेको छ।

दर्शकको उपस्थितिले गर्दा नेपालले सन् २०२४ र २०२५ मा आइसीसीको डिजिटल फ्यान इन्गेजमेन्ट अवार्ड जितेको थियो।यसपालि पनि नेपाली दर्शकको उपस्थिति र समर्थन यथावत् देखिएको छ।मुकेश थापा अफगानिस्तानबाट क्रिकेट हेर्न आएका त्यस्तै एक दर्शक हुन्।काबुलस्थित यूएन अफिसमा कार्यरत काठमाण्डू मूलपानी निवासी मुकेशले नेपाल विश्वकपमा छनोट हुने बित्तिकै बिदा मिलाएका थिए। काठमाण्डूमा रहेकी श्रीमतीको पनि कार्यतालिका बनाए अनि सँगै मुम्बई पुगेर खेल हेरे।

दुई खेल हेरेको अनुभव उनी यसरी बताउँछन्, " मिक्स्ड फिलिङ भइरहेको छ। इङ्ल्यान्डसँगको खेलपछि धेरै नै आशावादी भइयो। तर केही छैन खेल हो हार जित त हुन्छ। आशा छ, दुई खेल बाँकी छ त्यसमा राम्रो खेलिदेओस्।"बाङ्लादेशको खेल नहुने भएपछि वेस्ट इन्डिजसँगको खेल हेरेर अफगानिस्तान फर्किने उनी बताउँछन्। अस्ट्रेलियाको मेलबर्नमा बसोबास गर्ने ३९ वर्षीय शङ्कर धरेल इङल्यान्डविरुद्ध नेपालले खेलेको खेल सम्झेर रमाउने बताउँछन्।

उनी भन्छन्, " इङल्यान्डसँगको खेल हेरेर फर्किँदा बाटोमा हिँड्दा, रेस्टुरेन्टमा खाँदा सबैले प्रशंसा गरे। नेपाली जर्सी लगाउँदाको शान नै बेग्लै भएको थियो। त्यसैले म दोस्रो खेललाई चटक्क बिर्सेर बसेको छु। पहिलो खेल सम्झेर रमाउने हो। "इङ्ल्यान्डसँगको खेल हेरिरहँदा आफूलाई वानखेडेमा असोसिएट र टेस्ट टोली खेलिरहेको भन्ने पूरै बिर्सेको बताउँछन्। भन्छन्, "लाग्थ्यो दुई शक्तिशाली राष्ट्र खेलिरहेका छन्। त्यो गजबको अनुभव थियो। नेपाल हारेको फिलिङ नै भएन।"

केही चर्चित खेलाडीसमेत भेट्ने मौका पाएका उनले नेपालले आगामी दिनमा इङ्ल्यान्डसँगको भन्दा राम्रो खेल्ने दिन आउने विश्वासमा छन्। ओमानको मस्कटबाट खेल हेर्न आएका सञ्जय कुमार शाह आफ्नो समयका खेलाडी पनि रहेछन्। एसियाली राष्ट्रमै खेल भएको र भिसाको झन्झट पनि नहुने भएपछि आफू बिदा मिलाएर आएको बताउँछन्।आफ्ना साथीहरूका साथ आएका सञ्जयलाई इटलीसँग हार्दा निकै खल्लो अनुभव भएछ।

उनी भन्छन्, " दर्शक दीर्घामा धेरै समय रमाउने मौका पाइएन। जित्ने खाले खेल भएको भए धेरै कराउन पाइन्थ्यो। ब्याटिङमै मजा गरियो। अहिले हान्छ, अब हान्छ भन्ने आशा गर्दा गर्दै हारियो। तर केही छैन हामीले नेपालले जितेमा पनि हारेमा पनि समर्थन गर्ने हो।" कलैयाबाट यू १६ क्रिकेट खेलिसकेका उनले नेपाली टोलीले 'पुल शट्' हाल्दा पावर नपुगेको बताउँछन्।

ओमानमा अम्पायरिङ पनि गरिसकेका र त्यहाँ नेपालीहरूलाई टेनिस बल क्रिकेटको आयोजना गरेर क्रिकेट जगाउने गरेका सञ्जय वेस्ट इन्डिजसँगको खेल हेरेर फर्किने योजनामा छन्।भारतमा स्थायी बसोबास गर्ने बैतडीका नमराज जोशीको मोबाइलमा 'सयौं थुङ्गा फुलका हामी" वाला राष्ट्रिय गानको 'रिङ टोन' बज्छानेपाली क्रिकेटलाई माया गर्ने भारतमा लाखौंको सङ्ख्यामा रहेको बताउने उनले वानखेडे रङ्गशालामा उभिँदा गर्वले छाती फुलेको बताउँछन्।


उनले भने, "मलाई राम्रो लागेको कुरा के हो भने नेपाली क्रिकेटलाई मन पराउने भारतीयहरू थुप्रै छन्। जसले यहाँ बस्ने नेपालीहरूलाई पनि राम्रो मान्छन्। क्रिकेटले यो काम गरिदिएको छ"यस्ता खाले थुप्रै समर्थकहरू कम्तीमा अब बाँकी वेस्ट इन्डिज र स्कटल्यान्ड सँगको खेलसम्म वानखेडेमा हुने छन्।नेपाली समर्थकको कमी हुने देखिँदैन। यति मात्र हो की उनीहरूलाई खुसी बनाउने काम भने नेपाली खेलाडीहरूको प्रदर्शनमा निर्भर हुने छ।

# इरानको तनावबीच पश्चिम एसियामा दोस्रो जहाज तैनाथ गर्दै अमेरिका

**एएनआई**

वासिङ्टन डीसी ।संयुक्त राज्य अमेरिकाले दोस्रो विमान वाहक, यूएसएस जेराल्ड आर फोर्ड, र यसको एस्कर्ट जहाजहरू क्यारिबियनबाट पश्चिम एसियामा तैनाथ गरिरहेको न्यु योर्क टाइम्सले शुक्रबार रिपोर्ट गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक कार्यक्रमलाई लिएर वासिङ्टन र तेहरान बीच वार्ता चलिरहेको समयमा इरान विरुद्ध सैन्य कारबाही कै बिच तैनाथी विकास भएको जनाइएको छ । हाल अमेरिकाले इरान माथि आफ्नो आणविक कार्यक्रमलाई लिएर सम्झौता गर्न दबाब बढाइरहेको छ ।न्युयोर्क टाइम्सले नाम न छाप्ने सर्तमा चार जना अमेरिकी अधिकारीहरूले तैनाथी पुष्टि गरेको जनाएका छन् ।युएसएस फोर्ड स्ट्राइक समूहको नयाँ अर्डरले यसलाई पर्सियन खाडीमा युएसएस अब्राहम लिंकन क्यारियर स्ट्राइक समूहमा



सामेल गन जनाइएको छ।

युएसएस लिङ्कन विमान वाहक मिसाइल दुई हप्ता भन्दा पहिले पश्चिम एसियामा आइपुगेका थिए ।अमेरिकी समाचारले युएसएस फोर्डको लडाकु विमानहरूले जनवरी - ३ मा काराकसमा भएको आक्रमणमा भाग लिएको र राष्ट्रपति निकोलस मादुरोलाई कब्जा गरेको रिपोर्ट गरेको थियो ।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको भेटपछि ट्रम्पले इरानले 'मिडनाइट ह्यामर' प्रहार गरेकाले सम्झौतामा पुग्न असफल भएको उल्लेख गर्दै तेहरानले यस पटक . जिम्मेवार तरिकाले कार्य गर्ने आशा गरेको बताउनु भएको छ।

सन् २०२५ जुन-२१ मा, "अपरेसन मिडनाइट ह्यामर" अन्तर्गत, संयुक्त राज्य अमेरिकाले इरानी आणविक पूर्वाधार विरुद्ध आक्रमण गरी फोर्डो, नातान्ज र इस्फहानका तीन प्रमुख स्थलहरूलाई लक्षित गरेको जनाइएको छ ।इरानले भने अमेरिकाले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रको बडापत्रको खुल्लमखुल्ला उल्लङ्घन गरेको भन्दै कारबाहीको माग गरेको छ ।इरानी अधिकारी अली लारिजानीले अल जजिरासँगको अन्तर्वार्तामा ओमानमा वासिङ्टनसँग अप्रत्यक्ष वार्ता भइरहेको र संयुक्त राज्य अमेरिकाबाट अहिलेसम्म कुनै प्रस्ताव प्राप्त नभएको बताउनु भएको छ।

वार्ता प्रक्रियामा वासिङ्टनको प्रवेशलाई "तर्कसंगत मार्ग" तिर अघि बढ्ने सङ्केतका रूपमा वर्णन गर्दै संयुक्त राज्य अमेरिकाले इरान प्रति सैन्य विकल्प भन्दा फरक दृष्टिकोण अपनाउनु पर्ने निष्कर्षमा पुगेको लारिजानीले उल्लेख गरेको इरानी मिडियाले जनाएको छ ।यसबाहेक, उहाँले इरानलाई ऊर्जा र औषधिको उत्पादनका लागि संवर्धन आवश्यक रहेको भन्दै "शून्य संवर्धन" को छलफललाई अस्वीकार गर्नु भएको छ । उहाँले "यदि संयुक्त राज्य अमेरिकाले आक्रमण गर्यो यसको सैन्य आधारहरूलाई लक्षित गर्ने चेतावनी दिएको इरना समाचार एजेन्सीले जनाएको छ।

# ड्रोन विवादमा उत्तरको कडा चेतावनी

**एपी**

सियोल । कोरियाली प्रायद्वीपमा बढ्दो तनावका बीच उत्तर कोरियाले कथित दक्षिण कोरियाली ड्रोन उडान दोहोरिए कडा प्रतिआक्रमण गर्ने स्पष्ट चेतावनी दिएको छ । उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङ्ले दक्षिण कोरियाको पछिल्लो 'खेद' अभिव्यक्तिलाई विवेकपूर्ण कदम माने पनि भविष्यमा यस्ता गतिविधि नरोके परिणाम गम्भीर हुने सङ्केत गर्नुभएको छ ।

दक्षिण कोरियाली एकीकरण मन्त्री चुङ डोङ-युङ्ले मङ्गलबार कथित नागरिक ड्रोन उडानप्रति 'गहिरो खेद' व्यक्त गर्दै सियोल सरकारले युद्धद्वारा विभाजित दुई राष्ट्रबीच 'आपसी मान्यता र शान्तिपूर्ण सहअस्तित्व' चाहेको बताउनुभएको थियो । उहाँको उक्त अभिव्यक्तिपछि किम यो जोङ्को प्रतिक्रिया सार्वजनिक भएको हो ।

उत्तर कोरियाले गत महिना दक्षिण कोरियामाथि सेप्टेम्बर र जनवरीमा आफ्नो भू-भागमाथि निगरानी ड्रोन उडाएको आरोप लगाउँदै प्रतिशोधको चेतावनी दिएको थियो । तर दक्षिण कोरियाली सरकारले निर्दिष्ट मितिमा कुनै आधिकारिक ड्रोन सञ्चालन नगरेको दाबी गर्दै आरोप अस्वीकार गरेको छ । यद्यपि, सीमावर्ती क्षेत्रबाट ड्रोन उडाएको आशङ्कामा तीन जना सर्वसाधारणमाथि अनुसन्धान भइरहेको कानून कार्यान्वयन अधिकारीहरूले बताएका छन् ।

किम यो जोङ्ले चुङ्को अभिव्यक्तिले ' विवेकपूर्ण व्यवहार' देखाए पनि सरकारी स्तरको औपचारिक र पर्याप्त कदम नभएको



टिप्पणी गर्नुभएको छ । उहाँले सियोलले यस्ता गतिविधि रोक्न कडा र ठोस उपाय अवलम्बन गर्नुपर्ने धारणा राख्नुभएको छ । "उत्तर कोरियाको अपरिहार्य सार्वभौमिकता उल्लङ्घन गर्ने उक्साहट दोहोरिए त्यसले भयानक प्रतिक्रिया निम्त्याउनेछ", उहाँले चेतावनी दिनुभयो । विभिन्न प्रतिआक्रमण योजना तयार अवस्थामा रहेको र आवश्यक परे तीमध्ये कुनै एक लागू गरिने उहाँले स्पष्ट गर्नुभएको छ ।

अन्तर-कोरियाली मामिला हेर्ने दक्षिण कोरियाको एकीकरण मन्त्रालयले कथित ड्रोन उडान तनाव न्यूनीकरणको नीतिसँग मेल नखाने बताउँदै यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चालिने जनाएको छ । विश्लेषकहरूका अनुसार फेब्रुअरीको अन्त्यतिर सत्तारूढ वर्कर्स पार्टीको सम्मेलन हुनुअघि उत्तर कोरियाले दक्षिण कोरिया विरोधी भावना चर्काउने प्रयास गरेको हुनसक्छ । सो सम्मेलनका क्रममा नेता किम जोङ उनले कोरियाली प्रायद्वीपमा 'दुई-राज्य' प्रणालीलाई संवैधानिक रूपमा थप्ने प्रस्ताव अघि सार्न सक्ने अनुमान गरिएको छ ।

सन् २०१९ यता दुई कोरियाबीच कुनै सार्वजनिक वार्ता भएको छैन । पछिल्ला वर्षहरूमा आणविक कार्यक्रमलाई लिएर गहिरिँदै गएको गतिरोध र ड्रोन जस्ता घटनाले वैमनस्य झनै बढाएको छ ।

# राष्ट्रिय चरणतर्फ प्रवेश गर्दै ग्लोबल म्याथ डिबेट लिग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा शैक्षिक प्रतिस्पर्धाको स्वरूप परिवर्तन हुँदै आएको छ। ग्लोबल म्याथ डिबेट लिगले झापा र चितवनपछि लुम्बिनी क्षेत्रीय चरण सम्पन्न गरेको छ । अब प्रतियोगिता पोखरा र काठमाडौंमा आयोजना हुँदै राष्ट्रिय चरणतर्फ अघि बढ्नेछ। आयोजकका अनुसार यो प्रतिस्पर्धा गणितका प्रश्नहरु समाधान गर्ने मात्र होइन, गणितका विषयमा तर्क-बहस गर्ने नेपालको पहिलो औपचारिक मञ्च हो ।




यो पहल 'एम्बार्क अनम्याथ'ले अघि बढाएको हो । यस संस्थाले गणितलाई केवल सूत्रअनुसार समाधान गर्ने विषयबाट तर्क, विश्लेषण र विचार अभिव्यक्तिको अभ्यासका रूपमा स्थापित गर्न खोजेको छ। यहाँ विद्यार्थीहरूले उत्तर दिनु मात्र होइन, आफ्नो तर्क स्पष्ट पार्न, प्रतिस्पर्धीको धारणाको समीक्षा गर्न र प्रतितर्क दिन पनि सक्नु पर्ने हुन्छ।

कण्ठस्थ अभ्यासलाई चुनौतीः परम्परागत रूपमा विद्यालयहरूमा सही उत्तर र छिटो समाधानलाई बढी महत्व दिइँदै आएको छ। तर यस लिगमा स्पष्ट सोच र गहिरो तर्कलाई प्राथमिकता दिइन्छ। विद्यार्थीहरूले गणितका विषयमा खोज-अनुसन्धान गर्छन्, आफ्नो तर्क मिलाएर प्रस्तुत गर्छन् र प्रतिवादमा भाग लिन्छन्। निर्णायकहरूले तर्क कति मिलेको छ, परिस्थिति अनुसार कति सुधार गर्न सक्छन् र टोलीमा कत्तिको सहकार्य छ भन्ने आधारमा मूल्याङ्कन गर्छन् ।

लुम्बिनी चरण र विजेता टोलीः लुम्बिनी क्षेत्रीय चरण लुम्बिनी वर्ल्ड स्कूलको सह-आयोजनमा सम्पन्न भएको थियो । विद्यालयले कार्यक्रम व्यवस्थापन र सञ्चालनको जिम्मेवारी सम्हालेको थियो ।

प्रतिस्पर्धापछि अल्फा समूहमा लुम्बिनी वर्ल्ड स्कूलका एशिया बेलबासे, मानवी खनाल र रिओना उदया विजयी भए । बेटा समूहमा न्यू होराइजन इङ्लिस बोर्डिङ सेकेन्डरी स्कूलका आसा पाण्डे, समीप न्यौपाने र अग्रिमा अधिकारी सफल भए । त्यसैगरी प्रस्तुति नेपाल, साम्राज्ञी बेलबासे र प्रेक्षा खनाल राष्ट्रिय चरणका लागि छनोट भएका छन् ।

निर्णायकहरूका अनुसार विजेता टोलीहरू चुनौती आएपछि आफ्ना तर्क सुधार्न सक्ने क्षमताका कारण अगाडि देखिएका हुन् । क्षेत्रीय चरणबाट छनोट भएका विद्यार्थीहरूले फेब्रुअरी २१ र २२ मा 'द प्लाजा' मा हुने राष्ट्रिय प्रतिस्पर्धामा भाग लिनेछन् ।

मूल्याङ्कन संस्कृतिमा नयाँ संकेतः यस लिगको मुख्य महत्व यसको कार्यविधिमा छ । जहाँ परम्परागत प्रणालीले अन्तिम उत्तरलाई प्राथमिकता दिन्छ, त्यहाँ यस प्रतियोगिताले उत्तरको औचित्य र तर्कलाई महत्व दिएको छ। झापा, चितवन र लुम्बिनीपछि अब पोखरा र काठमाडौंमा आयोजना हुँदै प्रतियोगिता राष्ट्रियशैक्षिक सर्किटका रूपमा विस्तार हुँदैछ । अब प्रश्न केवल गणना गर्न सक्ने क्षमताको होइन, आफ्नो तर्कविश्वस्त रूपमा प्रस्तुत गर्न सक्ने क्षमताको पनि हो । यही सोचका साथ गणित बहस लिग अघि बढिरहेको छ ।

# भरतपुरबाट जहाजले इन्धन भर्ने व्यवस्था गरिँदै

चितवन । भरतपुर विमानस्थलबाट काठमाडौँ र पोखरा उडान गर्ने जहाजले आगामी साताबाट यहाँ इन्धन भर्न पाउने भएका छन् । नेपाल आयल निगमले यही फागुन ६ गतेबाट यहाँ इन्धन भर्न मिल्ने गरी तयारी अघि बढाएको हो ।

निगमका प्रवक्ता उपनिर्देशक मनोजकुमार ठाकुरले नागरिक उड्डयन प्राधिकरणसँग सम्झौता गरी काम अघि बढाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "यही फागुन ६ गतेबाट रिफिलिङ गर्ने गरी काम भइरहेको छ । डिपो स्टेशन स्थापनाका लागि दुई थान रिफ्युलर र एक थान मोबाइल डिस्पेन्सरको व्यवस्था गरिएको छ । दिगो रूपमा काम गर्न भने छ महिनादेखि एक वर्ष लाग्ने छ।"



जमिनमुनि वा माथि ट्याङ्की राखेर काम गर्नका लागि समय लाग्ने भए पनि तत्काल इन्धन जहाजमा भर्ने व्यवस्था मिलाउन समय नलाग्ने उहाँले बताउनुभयो । निगमले यहाँ ३० किलोलिटर इन्धन भण्डारण र व्यवस्थापनका लागि रु चारदेखि पाँच करोड खर्च हुने जनाएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले प्राधिकरणसँग जग्गा सम्झौता भएको र बाँकी सबै काम निगमले गर्ने बताउनुभयो । यस कार्यबाट त्यस क्षेत्रमा उडान भर्ने जहाज लाभान्वित हुने बताउनुभयो ।

बुद्ध एयरले भरतपुरबाट काठमाडौँ र पोखरा गरी दैनिक सात वटा जहाज उडान भर्दै आएको छ । दुईवटा ४७ सिटका र पाँचवटा ७२ सिटका जहाजले यहाँबाट उडान भरिरहेका बुद्ध एयर भरतपुरका स्टेशन म्यानेजर भक्तबहादुर बस्नेतले जानकारी दिनुभयो । यहाँ तेल भर्ने व्यवस्था भए काठमाडौँबाट यहाँ आउने जहाजमा थप दुई जना यात्रु ल्याउन सकिने उहाँको भनाइ छ ।

बुद्ध एयरको ७२ सिटको जहाजले काठमाडौँबाट आउँदा हाल ७० जना बोक्ने गरेको छ भने गर्मीयाममा ६० जना बोक्नुपर्ने बाध्यता छ । बस्नेतका अनुसार यहाँबाट उड्दा भने हाल ५५ जना र गर्मीयाममा ४० जना बोक्ने गरिएको छ ।

यस्तै, ४७ सिटको जहाजले हाल काठमाडौँबाट आउँदा ४५ जना र फर्कदाँ ४३ जना लिएर जाने गरेको छ । गर्मीयाममा काठमाडौँबाट आउँदा ३५ जना र यहाँबाट जाँदा ३३ जना हाराहारी यात्रु बोकेर जाने गरेको छ ।रासस

## यस्तो छ आजको मौसम पूर्वानुमान

काठमाण्डु । हाल देशमा पश्चिमी वायुको सामान्य प्रभाव रहेको छ भने कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा आंशिक बादल लागेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार देशका बाँकी भू-भागमा मुख्यतया मौसम सफा रहेको छ ।

शुक्रबार दिउँसो तराई भू-भागका केही स्थानमा मध्याह्नसम्म हुस्सु रहनेछ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बादल र बाँकी भागमा आंशिक बादल लाग्नेछ ।

त्यसैगरी, शुक्रबार राति तराईका केही स्थानमा तुँवालो रहनेछ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी र हिमाली भागमा बादल लाग्नेछ र बाँकी भू-भागमा आंशिक बादल लाग्नेछ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी र हिमाली भागका एकदुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

महाशाखाले तराईका केही स्थानमा मध्याह्नसम्म हुस्सु लाग्ने सम्भावना रहेको तथा तत्काल वर्षाको सम्भावना पनि नरहेकाले तराई र उपत्यकाहरूमा वायु प्रदूषण रहिरहने भएकाले त्यसबाट सुरक्षित रहन सर्वसाधारण तथा सरोकारभएका सबैमा अनुरोध गरेको छ ।रासस

# एनसेल फाउन्डेसनद्वारा 'सेफर इन्टरनेट टुगेदर' कार्यक्रम

**टुडे समाचारदाता**

काठमाण्डु । सुरक्षित इन्टरनेट दिवस २०८२को अवसरमा एनसेल फाउन्डेसनर नासा सेक्युरिटीजले देशव्यापी रूपमा 'सेफर इन्टरनेट टुगेदर (एसआईटी)' कार्यक्रम आरम्भ गरेको घोषणा गरेको छन् । यो सामाजिक अभियानले देशभरका विद्यालयहरुमा पुगेर साइबर सुरक्षा, डेटा गोपनीयता तथा डिजिटल सुरक्षाका विविध पक्षहरूबारे विद्यार्थीहरुलाई ज्ञान प्रदान गर्ने लक्ष्य राखेको छ जसबाट ५०,००० भन्दा बढी विद्यार्थी, शिक्षक तथा समुदाय सदस्यहरू लाभान्वित हुने अपेक्षा गरिएको छ।



हाल नमुना परियोजनाका रूपमा अघि सारिएको यो कार्यक्रमअन्तर्गत बागमती, गण्डकी र मधेस प्रदेशका सरकारी, सामुदायिक तथा निजी विद्यालयहरूमा कक्षा ३ देखि १२ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी साइबर सचेतना सत्रहरू सञ्चालन गरिनेछ। कार्यक्रम अन्तर्गत इन्टरनेट सुरक्षासम्बन्धी हाते पुस्तक पनि तयार पारिएको छ। ती पुस्तक कार्यक्रम सत्र पश्चात् सम्बन्धित विद्यालयका सहभागी छात्र, छात्राहरूलाई वितरण गरिनेछ। पहिलो चरणमा तीन प्रदेशमा सफल कार्यान्वयन पश्चात यो अभियान आगामि आर्थिक वर्षमा अन्य प्रदेशमा पनि सञ्चालन गरिने योजना रहेको छ।

यो वर्षको सुरक्षित इन्टरनेट दिवसको नारा 'स्मार्ट टेक, सेफ चोइसेस्ः एक्सप्लोरिङ द सेफ एन्ड रेस्पोन्सीबल युज अफ एआई रहेको छ ।

नेपालमा एनसेल र नासा सेक्युरिटीजले संयुक्त रूपमा सुरु गरेको कार्यक्रमको औपचारिक घोषणा पोखरास्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयमा आयोजित एसआईटी सत्रका क्रममा गरिएको थियो। कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले सम्बोधन गर्दै डिजिटल सुरक्षा तथा आजको डिजिटल युगमा कृत्रिम बौद्धिकताको जिम्मेवार प्रयोगबारे आफ्ना बुझाइहरू विद्यार्थीहरूसमक्ष साँझा गरेका थिए ।

एसआईटी कार्यक्रम नेपालमा सुरक्षित अनि समावेशी डिजिटल इकोसिस्टम प्रवर्द्धन गर्ने एनसेल फाउन्डेसनको प्रतिविद्धतासँग जोडिएको छ ।

"म एक बाबु पनि हुँ, त्यसैले अभिभावकको रूपमा व्यक्तिगत डाटाको सुरक्षा मेरो लागि अत्यन्त महत्वपूर्ण विषय हो। आजको समयमा इन्टरनेटले हाम्रो दैनिक जीवनमा महत्वपूर्ण भूमिका खेल्छ । प्रविधि हाम्रो जीवनको अभिन्न हिस्सा बन्दै जाँदा यससँग सम्बन्धित जोखिमहरू बुझ्नु र त्यसका लागि तयार रहनु झन् आवश्यक भएको छ। एसआईटी कार्यक्रममार्फत हामीले विद्यार्थी तथा युवाहरूलाई डिजिटल संसारमा सुरक्षित, जिम्मेवार र आत्मविश्वासका साथ रहन आवश्यक ज्ञान र सीप प्रदान गर्ने लक्ष्य राखेका छौं । यस कार्यक्रमले नयाँ पुस्तालाई आफू सुरक्षित रहँदै डिजिटल अवसरहरूको अधिकतम उपयोग गर्न आवश्यक मार्गदर्शन र टुल उपलब्ध गराउनेछ भन्नेमा म आशावादी छु," एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने।


यो सहकार्यले दुवै संस्थालाई जिम्मेवार डिजिटल प्रवर्धकका रूपमा स्थापित गर्दै र उदीयमान जोखिमहरूलाई सक्रिय रूपमा सम्बोधन गर्दै डिजिटल साक्षरता, दृढता तथा व्यापक डिजिटल इकोसिस्टममा विश्वास निर्माणमा योगदान पुऱ्याउनेछ।

"डिजिटल प्लेटफर्महरूले युवाहरूले सिक्ने, अन्तरक्रिया गर्ने वा प्रतिक्रिया जनाउने र निर्णय लिने तरिकालाई बढ्दो रूपमा प्रभावित गर्दै गएकाले उनीहरूको अनलाइन सुरक्षा सुनिश्चित गर्नु सबैको साझा जिम्मेवारी बनेको छ। आजको विश्वमा डिजिटल साक्षरता र साइबर जागरण वित्तीय साक्षरतासरह नै महत्वपूर्ण छन् भन्ने विश्वास गर्दछौं । एनसले फाउन्डेसनसँगको सहकार्यमा सञ्चालित एसआईटी अभियानमार्फत हामी विद्यार्थीहरूलाई प्रविधिको जिम्मेवार प्रयोग गर्ने, आफ्नो डिजिटल पदचिन्हसंरक्षण गर्ने र डिजिटल इकोसिस्टममा सुरक्षित रूपमा नेभिगेट गर्न व्यावहारिक ज्ञान प्रदान गर्ने लक्ष्य राखेका छौं। यो कार्यक्रमले नेपालभर जिम्मेवार डिजिटल सशक्तीकरण र सामुदायिक विकासप्रति हाम्रो दीर्घकालीन प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ," नासा सेक्युरिटीजका प्रबन्ध निर्देशक मदन पौड्यालले भने।

हालसम्म एसआईटी सत्रहरू नौ वटा विद्यालयमा सञ्चालन गरिसकिएको छ जसमा कास्कीमा रहेका श्री राष्ट्रिय माध्यमिक विद्यालय, श्री अमरसिंह माध्यमिक विद्यालय, लिटल स्टेप सेकेन्डरी स्कुल, भास्कर मेमोरियल स्कूल, सेन्ट-मेरिज स्कूल र रेन्बो एकेडेमिक होम्स सेकेन्डरी स्कुल छन्। साथै ललितपुरमा सेन्ट-मेरिज स्कूल, बानी विलास हाई स्कूल, र भक्तपुरमा आदर्श हाई स्कूलमाएसआईटी सत्रहरूसञ्चालन भइसकेका छन् । कार्यक्रम कार्यन्वयन साझेदारका रुपमा एस्टेरिस्क टेक्नोलोजीले सहकार्य गरेको छ। यी सत्रहरूबाट ७,००० भन्दा बढी विद्यार्थीहरू लाभान्वित भइसकेका छन् ।

# देखिन छाडे गोरुगाडा

राँझा । तराईका ग्रामीण भेगमा देखिने गोरुगाडा अहिले देख्नै मुस्किल हुन थालेको छ । कृषिमा भित्रिएको आधुनिकीकरण र यातायातका साधनको सहज पहुँचले गर्दा यो परम्परागत साधन विस्थापित हुँदै गएको हो। एक दशक अघिसम्म खेतबाट उखु, धान र पराल बोक्न तथा हाटबजारमा अन्न पुऱ्याउन गोरुगाडाकै प्रयोग हुन्थ्यो । तर, अहिले त्यसको ठाउँ ट्र्याक्टर, टेलर र हाते ट्र्याक्टर (पावर टिलर) ले लिएका छन् । ट्र्याक्टरले धेरै सामान छिटो र छरितो पुऱ्याउने भएपछि किसानहरूको आकर्षण गोरुगाडाबाट हट्दै गएको छ।



"पहिले बिहेबारीमा जन्ती जान र टाढाका आफन्त भेट्न समेत गोरुगाडाकै लस्कर लाग्ने गर्दथ्यो तर, अहिले ग्रामीण सडक कालोपत्र हुनु र मोटरसाइकल तथा अटो रिक्साको सङ्ख्या बढ्नुले गोरुगाडालाई ओझेलमा पारेकोछ",नेपालगञ्ज-१९सुईयागाउँ निवासी ललवा माहुतले भन्नुभयो,"अहिले त घर घरमा ट्र्याक्टर र गाडी राख्न थालेपछि गोरुगाडा लोप भएर गए।"

उहाँका अनुसार, गोरुगाडा हराउनुको अर्को मुख्य कारण गोरु पाल्ने किसानको सङ्ख्या घट्नु पनि हो। खेत जोत्नका लागि ट्र्याक्टरको प्रयोग बढ्न थालेपछि किसानले गोरु पाल्न छाडेका छन्। गोरु नै नभएपछि गाडा थन्किएका छन् भने कतिपय ठाउँमा गाडा बनाउने डकर्मी र सिकर्मीलेसमेत आफ्नो पेसा परिवर्तन गरिसकेका छन् ।

जतिबेला तराईमा मोटर गाडीको चलन आइसकेको थिएन, त्यो बेला सामान ढुवानीका लागि गोरुगाडा वा राँगागाडाको विकल्प थिएन् । हरेक किसान र व्यापारीसँग घर घरमा गाडा हुन्थे । किसान खेतमा गोबर मल लैजान, पाकेको बाली भित्र्याउन यिनै गाडाको प्रयोग गर्ने गरेको राप्तीसोनारी गाउँपालिका-३ का स्थानीय अगुवा तुलसी थारुले बताउनुभयो ।

"यात्रा गर्दासमेत गोरुगाडा र राँगागाडाको प्रयोग हुन्थ्यो । पहिला-पहिला बिहेमा जन्ती लैजान र बेहुलाबेहुली बोक्नसमेतगोरुगाडाको प्रयोग गर्ने चलन थियो",उहाँले भन्नुभयो,"अहिले गाउँमा कहीँकतै गोरुगाडा देखिने गरेपनि गाडा बनाउने कालीगढ पाइदैन ।"विशेष गरी गाउँमा काठे गोरुगाडाको प्रयोग हुने गरेको थियो । गोरुगाडालाई तान्न गोरु, राँगोसमेतलाई अप्ठ्यारो हुनुका साथै ढुवानी गर्दा कम सामग्री अट्ने, काठको अभाव लगायतका कारणले यसको प्रयोग घट्दै गएको उहाँको भनाइ छ ।

आधुनिकतासँगै मानिस सुविधाभोगी बन्दै व्यावसायिक हुन थालेपछि गोरुगाडा हराउँदै गएको राप्तीसोनारी-३ का वडाध्यक्ष मीनकुमार थारुले बताउनुभयो । विगतमा लामो तथा छोटो दुरीका यात्रामा गोरुगाडा कुदाएको स्मरण गर्दै उहाँले भन्नुभयो,"जमाना धेरै अगाडि बढिसक्यो, अहिले घर घरमा मोटरसाइकल, ट्याक्टर र अन्य आधुनिक गाडी आइसके । अहिले प्रविधिको विकासले चलन फेरिएको छ। गोरुगाडा वा राँगागाडा अब इतिहास भइसकेको छ।"

गोरुगाडा बनाउने काठसमेत सहजै उपलब्ध हुँदैन । जसका कारण दिनानुदिन इतिहास सम्झाउने पुरानो सवारीसाधन गोरुगाडा लोपहुँदै गएको छ, तर लोपोन्मुख अवस्थामा रहेको गोरुगाडाको अहिले संरक्षण हुन नसक्दा गाउँ घरमा त्यसै फालिएका छन् ।"अहिलेका केटाकेटीले त गोरुगाडा देख्नै पाउँदैनन् ।

हामीले यही गाडा चढेर कति मेला-बजार गर्यौं, तर अब यो सबै सम्झनामा मात्र सीमित हुने भयो", नेपालगञ्ज-१९ वसुदेवपुरका ७८ वर्षीय स्थानीय किसान हनिफ खानले दुःख व्यक्त गर्नुभयो ।गोरुगाडा इन्धनमुक्त र वातावरणमैत्री साधन हराउँदै जानु दुखद् पक्ष हो । थारु समुदाय र मधेसी संस्कृतिसँग नजिकबाट जोडिएको यो साधन लोपहुँदा एउटा जीवन्त इतिहास र पहिचान पनि मेटिँदै गएकोमा वातावरण संरक्षणमा क्रियाशील नेपालगञ्जका तेजविक्रम शाह चिन्ता व्यक्त गर्नुहुन्छ ।रासस

# किसानलाई 'डिजिटल कृषि सेवा' दिन एनसेल र सुपर कृषकको सहकार्य

**टुडे समाचारदाता**

काठमाण्डु । देशभरका किसानहरूलाई डिजिटल र प्रिमियम कृषि सेवाहरू उपलब्ध गराउन एनसेल र डिजिटल कृषि प्लेटफर्म सुपर कृषकले सहकार्य गरेका छन्। यो सहकार्यको मुख्य उद्देश्य मोबाइल फोनमार्फत सहजै सबै किसानसम्म आधुनिक कृषि सेवाहरू उपलब्ध गराउनु रहेको छ।




यो सहकार्य नेपालको कृषि क्षेत्रलाई डिजिटल बनाउने यात्रा तथा कृषि क्षेत्रमा रहेको डिजिटल असमानता घटाउने दिशामा ऐतिहासिक कदम हो । हालसम्म देशका ३० हजारभन्दा बढी किसानहरू सुपर कृषक प्लेटफर्ममा दर्ता भइसकेका छन् ।

यस प्लेटफर्ममार्फत अनलाइन कृषि तालिम, कृषि डाक्टर, तथा कृषि चीना (स्याटेलाइट अनुगमन) जस्ता डिजिटल उपकरण र सेवाहरू उपलब्ध हुन्छन्, जसले किसानहरूलाई आफ्नै मोबाइल फोनमार्फत वास्तविक समयमै कृषि परामर्श, रोगकीरा तथा बाली समस्या पहिँचान, र बाली अनुगमनसम्बन्धी जानकारी प्राप्त गरी स्वमुल्यांकन गर्न सक्षम बनाउँछ ।

यो सहकार्यले गर्दा देशका प्रत्येक जिल्लाका किसानहरूले आफ्नो मोबाइल फोनमार्फत उन्नत, सुलभ र स्थानीय आवश्यकता अनुकूल कृषि परामर्श प्राप्त गर्न सक्ने हुने छन्। उच्च पहाडदेखि तराईका फाँटसम्म अब किसानका हात हातमा विशेषज्ञको सल्लाह सुझाव अनि आधुनिक प्रविधिको पहुँच सुनिश्चित भएको छ ।

एनसेलको बृहत् नेटवर्क पहुँच र लाखौँ सक्रिय ग्राहकहरू भएकाले अब सुपर कृषकका प्रिमियम सेवाहरू आम किसानहरूलाई एक भ्यालु एडेड दूरसञ्चार सेवाका रूपमा उपलब्ध भएको छ। योसँगै नेपालमै पहिलो पटक किसानहरूले भ्वाइस, डेटा वा एसएमएस सेवा लिए झैं सहज रूपमा आफ्नो मोबाइल ब्यालेन्सबाटै कृषि सेवाको लाभ उठाउन सक्ने भएका छन्।

किसानहरूले सुपर कृषक एप मार्फत यो सेवा लिन सक्छन् । यस एपमा विभिन्न अवधिका सदस्यता प्याकेजहरु उपलब्ध छन् । एक वर्षको प्याक किस्ताबन्दीमा लिन चाहनेले प्रत्येक तीन दिनमा १३ रुपैयाँ तिर्दै वार्षिक १,५६० रुपैयाँ खर्चिनुपर्नेछ। त्यस्तै छ महिनाका लागि प्रत्येक तीन दिनमा १४ रुपैयाँ भुक्तानी गरी कुल ८४० रुपैयाँ तिर्नुपर्नेछ।

एकमुष्ट भुक्तानी गर्ने किसानहरूले भने छ महिनाको लागि ७५६ रुपैयाँ तथा एक वर्षको लागि १,२४८ रुपैयाँ तिरेर सेवा लिन सक्छन्। आफुलाई उपयुक्त सेवा लिएपछि लागू हुने शुल्क मेन ब्यालेन्सबाट कटौती हुन्छ। किसानहरूले प्रिमियम सेवाअन्तर्गत आधुनिक कृषि प्रविधिबारे विस्तृत तथा चरणबद्ध सिकाइ सामग्री समेटिएका तालिम मोड्युलहरूको लाभ उठाउन सक्छन्। त्यस्तै कृषि डाक्टर सुविधा मार्फत कृषकहरूले ८०० भन्दा बढी बालीका रोग किरा तथा अन्य समस्याहरूको पहिचान एआई मार्फत गर्न सक्छन्। यो सेवाले बाली समस्या पहिचान गरिसकेपछि आवश्यकता अनुसार समाधानका उपायहरू पनि सुझाउँछ। त्यस्तै किसानहरूले स्थानीय भाषामै तथ्यमा आधारित व्यक्तिगत परामर्श आफूलाई आवश्यक परेको समयमा प्राप्त गर्न सक्छन् ।

एनसेल र सुपर कृषकले यो सेवा अबको एक वर्षमै १ लाख २० हजारभन्दा बढी किसानसम्म पुर्याउने लक्ष्य राखेका छन्। यो महत्त्वपूर्ण कदमले कृषि सम्बन्धी ज्ञान अभिवृद्धि गर्न, किसान र विशेषज्ञबिचको दूरी घटाउन साथै ग्रामीण नेपालमा रहेको डिजिटल खाडल कम गर्न महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा बहुअर्वा गा.वि.स. वडा नं.४ हाल जनकपुरधाम उ.म.न.पा. वडा नं.४ मा बस्ने वंशी मण्डलको नाती अनुपलाल मण्डलको छोरा राम नारायण प्रसाद मण्डलले हामीहरुको बाबु बाजेले नै भगवान रामजानकीको मन्दिर निर्माण गरी पुजा पाठ गर्दै आई रहेको मन्दिरको जग्गा हाल शहरी नापी हुँदा फिल्डबुकको कैफियत महलमा मेरो बुबाको तिन दाजुभाईको झगडा जनिएको उक्त झगडा सर्वोच्च अदालतमा दर्ता भई अन्तिम फैसला भई सकेकोले गुठी संस्थान गंगा प्रसाद मंडलको नाउँमा नापनक्सा भएको जि.ध.जनकपुर न.पा.वडा नं.४ सिट नं.१३९६-०१ कि.नं.१४ क्षेत्रफल ०-२-१९-३ जग्गा श्री भगवान रामजानकी मन्दिरको नाउँमा छुट जग्गा दर्ता गरी पाउँ भनी द.नं.४७२९ मिति २०८२/०६/२६ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारबाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/११/०१ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर न.पा. | ४/१३९६-०१ | १४ | ०-२-१९-३ | जग्गाधनी महलमा गुठी संस्थान गंगा प्रसाद मंडल जि.ध. गा.पं. वहुअर्वा वार्ड नं.४ बाबु-अनुपलाल, बाजे- वन्शी र कैफियत नि.द.नं.५४० मिति ०४४/११/१०/२ को निर्णयानुसार धनुषा जिल्ला अदालतमा मुद्दा चलि रहेकोले सोको अन्तिम निर्णय नभए सम्मको लागी झगडा जनाईएको छ। द......... |

# चुनावको मुखमै गौरमा प्रदर्शन

टुडे समाचारदाता

रौतहट । प्रतिनिधि सभाको निर्वाचन नजिँकदै जाँदा रौतहटको गौरमा करदाता सेवा कार्यालय सार्न लागेको भन्दै प्रदर्शनसहित बजार बन्द भएको छ ।

शुक्रवार भएको सो प्रदर्शनले जिल्लाको सदरमुकाम समेत रहेका गौर बजारको अवस्था तनावग्रस्त बनेको छ ।




रौतहटको गौरस्थित करदाता सेवा कार्यालय सिमरा सार्न लागेको भन्दै उद्योग वाणिज्य संघको अगुवाईमा स्थानिय व्यापारीहरु सरकारले गरेको निर्णय तत्काल फिर्ता लिनुपर्ने माग गर्दै आन्दोलन गरेका छन् । करदाता सेवा आन्दोलन अहिले उम्मेदवाहरुको लागि चुनावी मुद्दा समेत बनेको छ ।

स्थानीय व्यापारी र व्यवसायीको कडा अवरोधपछि ट्रकमा लोड गरिएका कार्यालयका सामग्रीहरू पुनः अनलोड गरी कार्यालयमै फिर्ता गरिएको छ । कार्यालयका सामग्री बोकेको ट्रक बजारबाट निस्कन लाग्दा रौतहट उद्योग वाणिज्य संघका पदाधिकारीसहित स्थानीय व्यापारीहरू ट्रकअगाडि धर्नामा बसेका थिए । स्थिति तनावपूर्ण बनेपछि घटनास्थलमा बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

चुनावकै बेला यसरी बजार बन्दले उद्योग व्यवासयमा नराम्रो असर पर्ने भनी एक पक्षको आलोचना समेत रहेको छ । जेनजी आन्दोलन पश्चात सुस्त बनेका बजार चुनावी सरगर्मीले चहलपहल बढदै गएकोमा यसरी बन्द गर्नुले आर्थिक अवस्था नराम्रो प्रभावित हुनेछ ।

रौतहट उद्योग वाणिज्य संघका महासचिव सन्तोष केसरीले निर्वाचनको मुखमा कार्यालय सार्ने प्रयासप्रति आपत्ति जनाउँदै पूर्वजानकारीबिना गरिएको कदम अस्वीकार्य भएको बताएका छन् । "गौरबाट सेवा हटाउने निर्णय तत्काल फिर्ता लिनुपर्छ," उनले भनेका छन् ।

यता नेपाली काँग्रेसका युवा नेता नितेशकुमार गुप्ताले गौरमै करदाता सेवा कार्यालय पूर्ण क्षमताका साथ सञ्चालन हुनुपर्ने माग गरे। उनले कार्यालय सारिए सेवाग्राहीलाई अनावश्यक दुःख हुने तर्क गरेका छन् ।

यस्तै, धर्नास्थलमा पुगेका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता अजयकुमार गुप्ता, नेपाल कम्युनिष्ट पार्टीका नेता रेबन्त झा तथा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजेश चौधरीले पनि कार्यालय सार्ने प्रयासप्रति आपत्ति जनाएका छन् । उनीहरूले निर्वाचनको पूर्वसन्ध्यामा सेवा केन्द्र हटाउने कदमले स्थानीय सेवाग्राही र व्यापारीहरू प्रत्यक्ष मारमा पर्ने चेतावनी दिएका छन ।

गौरका व्यापारीहरूले पसल बन्द गरेर प्रदर्शन गरेका छन् । भन्सार कार्यालय अगाडि नाराबाजी जारी छ भने सरकारको निर्णय फिर्ता लिन माग गरिएको छ । अहिले गौर बजार पूर्ण रूपमा प्रभावित बनेको छ । प्रशासनले अवस्था सामान्य बनाउने प्रयास जारी रहेको जनाएको छ ।

# 'रास्वपा' मा पुरानै उम्मेदवारको बाहुल्य



टुडे समाचारदाता

जनकपुरधाम । परिवर्तनको नारा दिई नयाँ पार्टी भनेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफूलाई आगामी फागुन २१ गतेको चुनावको लागि चिनाइरहेको छ । देशभरका १६४ निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको छ ।

वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) लाई भावी मधेशी प्रधानमन्त्रीका रुपमा अघि सारेर रास्वपाले देशव्यापी रुपमा परिवर्तनको नारा दिई माहोल खडा गर्ने प्रयास गरेको छ ।

रास्वपाले नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीलाई उम्मेदवार भन्दै अब नयाँलाई छान्नुपर्ने बताउँदै आएको छ । तर, यो पार्टीले मधेसमा उठाएका अधिकांश उम्मेदवार भने 'नयाँ' नभई पुरानै पार्टीबाट चुनाव लडेका र राजनीति गरेकाहरू रहेका छन् ।

प्राइमरी इलेक्सन गराएर उम्मेदवार छान्ने भनेको रास्वपाले आफ्नो त्यो वाचा त पूरा गरेन नै, मनोनयनको आसपास अन्य दलका नेता भित्र्याएर टिकट समेत दियो । मधेसमा उसका कतिपय उम्मेदवार त मुद्दा-मामिला लागेका र विवादित छविका पनि छन् ।

मधेश प्रदेशमा रास्वपाले खडा गरेका पुराना उम्मेदवारहरु सर्लाही ३ बाट नरेन्द्र कलवार साह, बारा २ मा चन्दन कुमार सिंह, बारा ४ मा रहबर अन्सारी, महोत्तरी १ मा प्रमोदकुमार महतो, धनुषा १ किशोरी साह कमल, धनुषा ४ मा राजकिशोर महतो, सर्लाही ४ मा अमरेशकुमार सिंह, सप्तरी ३ मा अमरकान्त चौधरी, सप्तरी ४ मा सीताराम साह, रौतहट १ मा राजेशकुमार चौधरी रहेका छन् ।

नरेन्द्र कलवार साह २०७०, २०७४ र २०७९ को प्रतिनिधि सभा निर्वाचनमा सर्लाही-३ बाटै भाग लिइसकेका छन् । २०७९ मा माओवादी केन्द्रबाट, २०७४ मा स्वतन्त्र र २०७० मा तराई मधेश सद्भावना पार्टीबाट चुनाव लडिसकेका छन् । २०७९ र २०७४ मा लगातार हारेपनि २०७९ मा विजयी भएको थिए । यसअघि तत्कालिन माओवादीबाट टिकट नपाएपछि रास्वपाबाट खडा भएका छन् ।

तमलोपाको विद्यार्थी संगठनबाट उदाएका चन्दनकुमार सिंह यसअघि २०७४ र २०७९ मा स्थानीय तहमा चुनाव लडिसकेका छ्न । २०७४ को स्थानीय तह निर्वाचनमा राष्ट्रिय जनता पार्टीबाट बाराको देवताल गाउँपालिकाको अध्यक्ष निर्वाचित भएका थिए भने २०७९ मा पराजित भएका थिए ।

बारा क्षेत्र नम्बर ४ बाट उम्मेदवार बनेका रहबर अन्सारीले २०७९ को प्रदेश सभा चुनावमा माओवादी केन्द्रबाट पर्साबाट जितेका उनी कार्यकाल बाँकी छँदै छोडेर प्रतिनिधि सभाको चुनाव लड्दैछन् ।

महोत्तरी १ बाट उम्मेदवार बनेका प्रमोदकुमार महतोले २०७९ को प्रदेश सभा चुनावमा उनी महोत्तरी १ (ख)मा स्वतन्त्र उम्मेदवार बनेका थिए तर पराजित भएका थिए भने सिरहा-२ बाट उम्मेदवार बनेका शिवशंकर यादव दोस्रोपटक चुनाव लड्दैछन्। उनले लौरो चुनाव चिह्न लिएर २०७९ को प्रतिनिधि सभाको चुनाव लडिसकेका छन् ।

धनुषा-१ का किशोरी साह कमल २०७४ को प्रदेश सभा चुनावमा धनुषा क्षेत्र-१ (क)बाट निर्वाचित भएका थिए भने २०७९ मा सोही क्षेत्रमा जनमतबाट पराजित भएका थिए । धनुषा-४ का उम्मेदवार राजकिशोर महतो तत्कालीन सँघीय समाजवादी पार्टीबाट २०७४ को प्रदेश सभा चुनावमा धनुषा ४ (ख) को उम्मेदवार बनेका थिए तर पराजित भएका थिए ।

लामो समय नेपाली कांग्रेसमा राजनीति गरेर सांसद बनेका अमरेशकुमार सिंह अघिल्लो पटक २०७९ सालमा टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार बनेका थिए । त्यसअघि लगातार कांग्रेसबाटै सो क्षेत्रमा दुई पटक जितेर सांसद भइसकेका छन् ।

रास्वपाले सप्तरी-३ का अमरकान्त चौधरीका बुबा चन्द्रकान्त चौधरी २०७४ को चुनावमा राष्ट्रिय जनता पार्टीबाट सप्तरी ३ मा विजयी बनेका थिए । छोरा अमरकान्त चौधरीको राजनीति पनि राजपाबाट अघि बढेको हो। अहिले रास्वपाको टिकट लिएर सोही निर्वाचन क्षेत्रमा उम्मेदवार छन् ।

कांग्रेस सप्तरी क्षेत्र नम्बर-४ को क्षेत्रीय सभापति समेत रहेका उनी २०७४ सालमा प्रदेश सभा निर्वाचनमा सप्तरी ४(क) बाट उम्मेदवार भए पनि पराजित भएका थिए । २०७९ को स्थानीय तह निर्वाचनमा खडक नगरपालिकाको मेयर उठेका उनी पराजित भएका थिए ।

राजेशकुमार चौधरी २०७४ मा कांग्रेसबाट उनी रौतहट १ (ख) मा प्रदेश सभाको चुनाव लडेर पराजित भइकसेका छन् भने २०७९ को चुनावमा भने उनी स्वतन्त्रबाट उठेपनि पराजित भए । यसपटक कांग्रेसबाट टिकट नपाउंदा रास्वपाबाट उम्मेदवार बनेका हुन ।

## नक्कली नोटसहित दुई पक्राउ



टुडे समाचारदाता

रौतहट । नक्कली नेपाली रुपैयाँ हजार दरका १४ थान नोटसहित रौतहटबाट प्रहरीले दुई जना पक्राउ गरेका छन् । विश्रामपुर बजारस्थित एक किराना पसलमा नक्कली नोट चलाउन खोजेपछि उनीहरू प्रहरीको फन्दामा परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बिहीबार अपराह्न करिब ३ बजे वृन्दावन नगरपालिका-१ मा रहेको विशाल किराना पसलमा पेट्रोल किन्न पुगेका दुई जनाले भुक्तानीका क्रममा शंकास्पद नोट दिएका थिए । पसल सञ्चालकले नोट नक्कली हुनसक्ने आशंका गर्दै प्रहरीलाई खबर गरेका थिए ।

प्रहरी टोली पुगेर जाँच गर्दा वृन्दावन-२ का ३२ वर्षीय दिनेश पटेलको साथबाट हजार दरका १२ थान नक्कली नोट बरामद भएको थियो। त्यस्तै सर्लाही बरहथवा नगरपालिका-१ का ३० वर्षीय विवेक प्रसाद यादवले मोबाइल कभरभित्र लुकाएर राखेको हजार दरका २ थान नोट समेत फेला परेको प्रहरीले जनाएको छ। उनीहरू बीआर ३० एआर ७७५५ नम्बरको मोटरसाइकलमा आएका थिए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बिष्णु प्रदीप बस्यालका अनुसार दुवै जनालाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान अघि बढाइएको छ। प्रहरीले नक्कली नोटको स्रोत र सम्भावित संलग्नताबारे समेत अनुसन्धान गरिरहेको जनाएको छ ।

# पिएसओले चर्चामा उम्मेदवार पाण्डे

अनिल तिवारी

वीरगञ्ज । पर्सा जिल्लाका चार प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये दुई क्षेत्रमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले नयाँ अनुहारलाई उम्मेदवार बनाएको छ । ती हुन रिमा यादव र रुपेश पान्डे ।



तीमध्ये पर्सा क्षेत्र नम्बर ३ बाट उम्मेदवार बनेका युवा उद्यमी रुपेश पाण्डे यतिबेला विशेष चर्चामा छन् । चुनावी उम्मेदवार भन्दा पनि पाण्डे पर्सा प्रशासनको बिशेषमा अहिले देखि पर्न थालेका छन । ४९ वर्षीय पाण्डे पार्टी प्रवेश गरेर टिकट पाएकै दिनदेखि सुरक्षा व्यवस्थाका कारण चर्चामा रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साले पाण्डेलाई व्यक्तिगत सुरक्षा अधिकृत (पिएसओ) उपलब्ध गराएको चर्चा चुलिएको छ । पर्सामा चारवटै क्षेत्रमा गरी कुल १०७ जना उम्मेदवार चुनावी मैदानमा रहे पनि पिएसओ सुविधा भने पाण्डेलाई मात्र प्रदान गरिएको छ ।

जिल्ला सुरक्षा समितिको निर्णय अनुसार उनलाई एक साता अघि नै सुरक्षा गार्ड खटाइएको बताइएको छ । सुरक्षा निकाय स्रोतका अनुसार प्रहरी महानिरीक्षकको विशेष चासोका आधारमा समेत उक्त सुरक्षा व्यवस्था गरिएको दाबी गरिएको छ, यद्यपि यसबारे औपचारिक पुष्टि भएको छैन ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदिप पाठकले पर्सामा हालसम्म कुनै उम्मेदवार माथि ठोस सुरक्षा खतरा नदेखिएको बताएका छन् । उनले कुनै एक उम्मेदवारलाई मात्र पिएसओ उपलब्ध गराइएको विषयमा आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिएका छन् ।

उता पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले भने सुरक्षा खतरा वा विशेष आवश्यकता उल्लेख गरी निवेदन परेपछि सुरक्षा व्यवस्था मिलाउने प्रावधानअनुसार जिल्ला सुरक्षा समितिले निर्णय गरेको स्पष्ट पारे । उनका अनुसार करिब एक साताअघि बसेको बैठकले पाण्डेलाई पिएसओ उपलब्ध गराउने निर्णय गरेको हो ।

काठमाडौँ स्थित आरपी ग्रुप अफ कम्पनीका प्रबन्ध निर्देशकसमेत रहेका पाण्डे अख्तियार, अदालत तथा प्रहरी अधिकारीहरूसँग राम्रो पहुँच भएका व्यवसायीका रूपमा चिनिन्छन् । यद्यपि उनले आफूलाई उपलब्ध गराइएको सुरक्षालाई चुनावी प्रभावसँग नजोड्न आग्रह गरेका छन् ।

माघ ६ मा मनोनयन दर्ता गरेलगत्तै पर्सा-३ मा चुनावी प्रचारमा सक्रिय पाण्डे यतिबेला घरदैलो अभियानमा व्यस्त छन् । उनी दैनिक रूपमा मतदाताका घरदैलोमा पुग्ने, स्थानीय अगुवा कार्यकर्तासँग छलफल गर्ने तथा पार्टीका कार्यक्रममा सहभागी हुने गरिरहेका छन् । मतदाताबाट सकारात्मक प्रतिक्रिया पाइरहेको दाबी गर्दै पाण्डे भन्छन्, "हिजो कसले जितेर के गर्‍यो वा गरेन, त्यसमा म लाग्दिनँ । म जनतासामु ठूला-ठूला आश्वासन बाँड्न चाहन्नँ । भुइँमान्छेका आधारभूत समस्या नै मेरो प्राथमिकता हुन्, जितेपछि ती समाधानमै केन्द्रित हुनेछु ।"

तर एक उम्मेदवारलाई मात्र सुरक्षा गार्ड उपलब्ध गराइए पछि अन्य १०६ उम्मेदवार बीच असन्तुष्टि र जिज्ञासा बढेको छ । सरकारले निष्पक्ष र भयरहित निर्वाचनको प्रतिबद्धता दोहोर्‍याइरहेका बेला यस्तो निर्णयले समान अवसरको प्रश्न उठाएको छ ।

यदि सबै उम्मेदवारले सुरक्षा गार्ड मागेमा राज्य संयन्त्रले कसरी व्यवस्थापन गर्ने भन्ने व्यावहारिक प्रश्न समेत उठ्न थालेको छ । पर्सामा चुनावी सरगर्मी तीव्र बन्दै जाँदा सुरक्षा व्यवस्थासम्बन्धी यो विषयले निर्वाचनको पारदर्शिता र समानताको बहसलाई थप बल दिएको छ ।

# सर्लाही कारागार सेनाको जिम्मामा

टुडे समाचारदाता

मलंगवा । मधेशका विभिन्न कारागारमा अपराधिक क्रियाकलापहरु सार्वजनिक हुँदै गएपछि सर्लाही जिल्ला कारागारको सुरक्षा जिम्मा नेपाली सेनाले सम्हालेको छ ।

कारागारको बाह्य तथा आन्तरिक सुरक्षाको जिम्मेवारी सेनाले औपचारिक रूपमा लिएको छ । जिल्लाको मलंगवामा रहेको सो कारागारलाई सुरक्षा बेस सर्लाहीबाट उपसेनानी जहेन्द्र सिंह ठगुन्नाको नेतृत्वमा २५ सदस्यीय टोली कारागार सुरक्षार्थ खटिएको नेपाली सेनाले जनाएको छ ।

यसअघि उक्त कारागारमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको संयुक्त टोलीले सुरक्षा दिँदै आएको थियो । सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार सुरक्षाका दृष्टिले अति संवेदनशील मानिएका कारागार तथा महत्वपूर्ण संरचनाहरूमा सेना परिचालन गर्ने नीति लिइएको छ । सोही निर्णय कार्यान्वयनका क्रममा मलंगवा कारागारमा पनि सेना तैनाथ गरिएको हो ।

कालीध्वज गण पाँचकुमारीका गणपति उमेश खड्काका अनुसार सेनाको टोलीले आवश्यक समन्वय गरी जिम्मेवारी सम्हालिसकेको छ । उनले सरकारको निर्देशनअनुसार स्थानीय प्रशासन र सम्बन्धित निकायसँग समन्वय गरेर सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइएको बताए ।

# कारागारमा गाँजा फेला

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित कारागारमा गाँजा र गाँजा सेवनमा प्रयोग हुने चिलम बरामद भएको छ । गाँजासँगै एउटा मोबाइल बरामद भएको दुई साता भइसक्यो । तर, त्यहाँसम्म कसले गाँजा पुर्‍याएको विषय अझ खुल्न सकेको छैन ।




अघिल्लो मंगलबार (माघ २०) बिहान त्यहाँका कैदीबन्दीलाई चेक गर्दा १० ग्राम गाँजा, चिलिम र एउटा मोबाइल बरामद भएको थियो ।

'ए ब्लक'मा एउटै कोठामा बस्दै आएका महदेवा गाउँपालिका-१ का सुमित मण्डल, राजविराज नगरपालिका-६ का सुरज राउत र वडा नम्बर ५ का अभिषेक मण्डललाई चेक गर्दा ती प्रतिबन्धित सामग्री बरामद भएको हो ।

घटनापछि चोरी, हातहतियार तथा लागुऔषध ओसार पसारसम्बन्धी मुद्दामा ४ वर्ष सजाय भोगिरहेका सुमित र कर्तव्य ज्यानसम्बन्धी मुद्दामा ३ वर्ष ४ महिना कैद काटिरहेका सुरजलाई रौतहट कारागार सारिएको कारागार प्रमुख रूपक मण्डलले बताएका छन् ।

'घटनाका आरोपी सुमित र सुरजलाई बयानपछि कारागार व्यवस्था विभागको निर्देशन अनुसार रौतहट कारागार पठाइसकेका छौं,' उनले भने, 'हाल ती घटनामा प्रहरीले अनुसन्धान गरिरहेको छ भने विभागले पनि जिल्ला प्रशासन कार्यालयमार्फत विस्तृत अनुसन्धानका लागि छानबिन समिति बनाएको छ ।'

प्रहरीले त्यहाँबाट बरामद भएको मोबाइलको 'कल हिस्ट्री'बाट पनि अनुसन्धान गरिरहेको छ । तर, अझसम्म अनुसन्धान पूरा गर्न नसक्दा कारागारमा कसले गाँजा पुर्‍याएको विषय खुल्न नसकेको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले त्यस विषयमा अनुसन्धान भइरहेको बताए । 'अहिले हामी अनुसन्धानकै क्रममा छौं,' उनले भने ।

जिल्ला प्रशासन कार्यालयले बनाएको छानबिन समितिले पनि छानबिन प्रक्रिया पूरा गर्न सकेको छैन । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत, कारागारका प्रमुख, जिल्ला प्रहरी कार्यालयका असई र प्रशासनकै नायब सुब्बा छानबिन समितिमा सम्मिलित छन् ।

# पर्खाल निर्माणमा वडाले मागे कागजात

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका ७ को वडा कार्यालयले परिक्रमा राख्ने चौताराको जग्गा कब्जा गरिएको भन्ने कुरा समाचारमा आएपछि ७ दिने सार्वजनिक सूचना जारी गरेको छ ।



जनकपुर टुडे पत्रिकामा परिक्रमा डोला राख्ने स्थलमा काँटीसहितको पर्खाल निर्माण गरिएको बारे समाचार प्रकाशन गरिएको थियो । समाचार प्रकाशनकै दिन वडा कार्यालयले पर्खाल निर्माण सम्बन्धीत जग्गाधनीलाई ७ दिनभित्र कागजात उपलब्ध गराउन भनी सूचना टाँस गरेको छ ।

सूचनामा भनिएको डोला राख्ने ठाउँको स्थित दक्षिण साइडमा पर्खाल लगाएकाले सो जग्गाको लालपूर्जा, नक्सा, कुन मापदण्डले पर्खाल लगाइएको छ भन्ने सम्पूर्ण कागजात सहित ७ दिनभित्र वडा कार्यालय उपलब्ध गराई दिनु हुन अनुरोध छ ।


# भारतीय प्रयोगमा लगाइयो रोक

टुडे समाचारदाता

मलंगवा । प्रतिनिधिसभा सदस्य निर्वाचनमा भारतीय प्रयोगमा प्रशासनले रोक लगाएको छ । जिल्ला प्रशासन कार्यालयले फागुन १५ गतेदेखि २२ गतेसम्म विदेशी नम्बर प्लेटका सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय सर्लाहीमा आज बसेको सुरक्षा अधिकारी तथा राजनीतिक दलका प्रतिनिधिहरूको संयुक्त बैठकले उक्त निर्णय गरेको जनाएको छ। निर्णयअनुसार तोकिएको अवधिभर विदेशी नम्बर प्लेट भएका दुई पांग्रे तथा चार पांग्रे सबै प्रकारका सवारी साधन सञ्चालनमा प्रतिबन्ध लगाइनेछ ।

प्रशासनका अनुसार सो अवधिमा विदेशी नम्बर प्लेटका सवारी साधन सञ्चालन गरेको पाइएमा सुरक्षाकर्मीले नियन्त्रणमा लिनेछन्। निर्वाचनको संवेदनशीलतालाई मध्यनजर गर्दै सम्भावित सुरक्षा जोखिम न्यूनीकरण गर्न यस्तो कदम चालिएको जनाइएको छ। मधेश प्रदेशका विभिन्न जिल्लामा भारतीय नम्बर प्लेटका मोटरसाइकल, स्कार्पियो लगायतका सवारी साधनको प्रयोग व्यापक हुने भएकाले सीमा क्षेत्रको सुरक्षा व्यवस्थापनलाई विशेष प्राथमिकता दिइएको प्रशासनले जनाएको छ ।



बैठकमा निर्वाचन आचारसंहिता, २०८२ को पूर्ण पालना गर्ने विषयमा समेत छलफल भएको थियो। जिल्लास्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा राजनीतिक दलहरूले आचारसंहिता इमान्दारीपूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै, निर्वाचनलाई स्वच्छ, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गर्न प्रशासनसँग समन्वय र सहकार्य गर्ने सहमति पनि भएको छ ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते विहीबार हुँदैछ ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमुल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८